मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १९४ | २०८१ साल जेठ २१ गते सोमबार | Monday 03, June 2024 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## जेठ ३१ गते मनसुन भित्रने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यो वर्ष पनि जुन १३ अर्थात् जेठ ३१ गतेदेखि मनसुन नेपाल प्रवेश गर्ने अनुमान प्रक्षेपण भएको छ । मनसुन भित्रिने सरदर मिति जुन १३ भन्दा केही दिन तलमाथि पर्ने गरेको छ ।

भारतको उत्तर पूर्वी भू–भाग, बङ्गलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको मनसुन नेपालको पूर्वी भूभागमामा जुन १३ मा प्रवेश गर्ने आँकलन गरिए पनि त्यसअघि नै पनि भित्रने सक्ने सम्भावना पनि छ ।

मौसम विभाग महाशाखाका मौसमविद् रोजन लामिछानेले नेपालमा मनसुन जुन १३ आसपास भित्रिने बताए । मुलुकका विभिन्न भ–भागमा भइरहेको वर्षा मनसुनी वायुको प्रभाव नभई स्थानीय प्रणाली, पश्चिमी वायु र उत्तर प्रदेश तथा बिहार आसपासको न्यूनचापीय प्रणालीको प्रभाव भएको उनले जानकारी दिए । नेपालमा सामान्यतया मनसुन सरदर अवधि जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ । तर मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ । यस्तै आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ । सुदूरपश्चिम प्रदेशको उत्तर–पश्चिमी भूभाग, बागमती प्रदेशको दक्षिण–पूर्वी भूभाग, मधेश प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्य–पश्चिमी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । अधिकतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी देखिएको छ ।

रासस‌का अनुसार, ऋतुगत जलवायु विभिन्न सामुन्द्रिक, वायुमण्डलीय, भूमण्डलीय, हिममण्डलीय र जैविकीय प्रणालीमा निर्भर रहन्छ । मनसुनको आँकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारुपहरूको आँकलन र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आँकलनको आधारमा तयार गरिएको विभागका प्रवक्ता सुनिल पोखरेलले जानकारी दिए ।

जलवायुविज्ञ डा. धर्मराज उप्रेतीले यो वर्षको मनसुन शनिबारसम्म भारतको आसाम, सिक्किम र वरिपरिका भागमा पुगिसकेको बताए । 'भारतको केरलामा निर्धारित मितिभन्दा दुई दिनअघि र आसाम तथा मेघालयमा छ दिनअघि नै मनसुन पुगेको देखिन्छ । यही विषयलाई आँकलन गर्दा भारतका भूभागसँग सिमाना जोडिएको कोशी प्रदेशमा मनसुन निर्धारित मिति भन्दा एक साताअघि नै प्रवेश गर्ने आँकलन पनि छ,' उनले भने, 'गतवर्ष आसाम र सिक्किममा मनसुन पुगेको तीन दिनमा कोशी, मधेश र गण्डकी प्रदेशमा पुगेको थियो ।'

## अनुगमन आउँदा पसल बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
आइतबार कुनै बिदा नभए पनि वीरगंजका सुनचाँदी पसल एकाएक बन्द देखियो । यसको कारण थियो पसलहरुमा अनुगमन टोली आउने हल्ला । नभन्दै अनुगमनक्रममा टोली पुग्दा वीरगंज बजारका अधिकांश गहना पसल बन्द भए ।

गुणस्तर तथा नापतौल कार्यालय वीरगंजका निरीक्षक रामप्रसाद लम्सालको नेतृत्वमा आइतबार सुनचाँदी पसल अनुगमन गर्न सरोकारवाला निकायका प्रतिनिधि संलग्न टोली खटिएको थियो । टोलीमा जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, जिल्ला प्रहरी कार्यालय र उपभोक्ता हित संरक्षण मञ्च नेपालका प्रतिनिधि सहभागी थिए ।

वीरगंजको माईस्थान र मिनाबजार क्षेत्रमा अनुगमन गर्न जाँदा अधिकांश सुनचाँदी पसल बन्द थिए । टोलीले जम्मा ६ वटा पसलमा मात्रै अनुगमन गर्न पाएको थियो । अनुगमनमा पसलमा कुनै कमजोरी नभेटिए पनि केही पसलको नवीकरण नभएको पाइएको छ ।






# जनमत–एमालेको अपरिपक्व राजनीति

### छैन आधिकारिक निर्णय

*मधेश प्रदेशमा सरकारका विषयमा लोसपा नेपाल र नेकपा(एकीकृत समाजवादी) ले आधिकारिक निर्णय गरिसकेका छैनन् । नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखलाई बुझाइने भनिएको पत्रमा हस्ताक्षर गर्ने विषयमा भने लोसपा र नेकपा(एस) का नेताहरूको पनि हस्ताक्षर जोडेर ६३ पुर्याएको दाबी गरेको*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रले साथ दिएपछि नेकपा एसको पनि समर्थन पाएको जनमत पार्टी मधेशमा परीक्षणमा उत्रँदै छ । जनता समाजवादी पार्टी (जसपा) नेपालको गठबन्धनमा बसेर केही मन्त्रीलाई परीक्षण गरेको जनमत पार्टी जसपासहित मधेशका साना ठूला राजनीतिक पसलको विकल्पका रुपमा उदाएको नयाँ पसल हो । २०७९ मंसिरमा भएको निर्वाचनमा केन्द्र ६ सिट र मधेश प्रदेशमा १३ सदस्यमा विजित जनमत मधेशमा ६ वर्ष मुख्यमन्त्री चलाएको जनता समाजवादी पार्टी नेपाल विभाजन भएको मौकामा मधेशमा मुख्यमन्त्रीको सिटमा पुग्दैछ ।

तर सरकार बनाउने बेला पार्टी अध्यक्ष सिके राउत अमेरिका उडेका छन् भने उनीपछिका नेताहरुको कच्चा व्यवहारलाई कति दिन प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीले थग्न सक्लान् भन्ने देखिएको छ । एकतातिर आफूलाई संघीयता र मधेश आन्दोलनको 'कपीराइट' ठान्ने उपेन्द्र यादवलाई पार्टी विभाजन गराएर कमजोर भएको मौकामा परिपक्कसँग प्रस्तुत हुनुपर्ने अवस्था, अर्कातिर राष्ट्रिय राजनीतिमा स्थापित माधवकुमार नेपाल र महन्थ ठाकुरजस्ता नेताहरुको पनि समर्थन जरुरी । तर न सिके राउतले नेपालसँग सरकार बनाउन सहयोग मागे, न उनले महन्थ ठाकुरसँग पनि आफ्नो सरकारका लागि मदत मागे । वश, एमाले र माओवादीको आडमा वरिष्ठ र मधेशमा स्थापित उपेन्द्र यादव, माधव नेपाल र महन्थ ठाकुरलाई सामान्य ठानेर अमेरिका उडिरहँदा उनीपछि वरियताका नेताहरु नेपाल र ठाकुरसँग भेट गर्ने हैसियतमा पनि छैनन् । जनमत सरकार बनाउन ओली र दाहालले थेगिरहनु परेको छ ।

प्रसंग आइतबारको हो, ६३ प्रदेशसभा सदस्यको हस्ताक्षरसहित मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार गठनका लागि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बुझाउने तयारी भयो । वैशाख ३० गतेदेखि अल्पमतमा परेको सरकारले नै नीति तथा कार्यक्रम प्रस्तुत गर्दै विश्वासको मत लिन ३ दिन बाँकी रहँदा जनमतलाई मुख्यमन्त्री दिने विषयमा त मोटामोटी सहमति बनेको छ । तर बहुमत जुटाउन हम्मे परेको जनमतले विना छलफल अरुको पनि संख्या गनेर एकातिर सरकारमा जाने कच्चा हतारो देखायो भने अर्कातिर कानूनीरुपमा पनि जेठ २९ गतेसम्म बहालवाला मुख्यमन्त्रीलाई बसिरहने कानुनी सुविधा छ ।

यस्तो अवस्थामा जनमतले ६३ अर्थात् आवश्यक भन्दा बढी बहुमत सदस्यको हस्ताक्षरसहित दाबी गरेर जसपालाई सरकारबाट लखेट्ने चाहेको देखिन्छ । उसले कानुनी जटिलता पनि नबुझी गरेको हतारो यो पहिलो होइन । जेठको पहिलो साता नै बहुमत सदस्य उभ्याएर जसपाका मुख्यमन्त्रीलाई कुर्सी छाड्न बाध्य पार्ने चेतावनी दिएको थियो । आइतबार पनि उसको यस्तै अपरिपक्व राजनीति देखियो । यसमा कानूनी अवस्था नै नबुझेको जसरी बहुमत भएपछि जे पनि गर्न सकिन्छ भनेर दौडिएका छन् नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव । उनले नेकपा एमाले, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल, नेकपा (एकीकृत समाजवादी), संघीय समाजवादी पार्टी र नागरिक

*बाँकी पृष्ठ २ मा*

## मन्त्री फिर्ता हुँदै

नेकपा (एकीकृत समाजवादी)ले मधेश प्रदेश सरकारमा सहभागी आफ्ना मन्त्री फिर्ता बोलाउने तयारी गरेको छ । जसपाका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकार अल्पमतमा परेपछि एकीकृत समाजवादीले पार्टीबाट मन्त्री भएकाहरूलाई फिर्ता बोलाउने तयारी गरेको छ । एकीकृत समाजवादीले यादव नेतृत्वको सरकारमा रहेका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपाने र श्रम तथा यातायात मन्त्री बेची लुङ्गेलीलाई फिर्ता बोलाउने तयारी गरेको हो । नयाँ गठबन्धनमा पठाइने मन्त्रीबारे पार्टीले निर्णय गरेको छैन । जनमत गठबन्धनले एकीकृत समाजवादीलाई स्वास्थ्यमन्त्री दिनेसहमति गरेको बुझिएको छ ।

## बहुमतलाई लोसपा जरुरी



लोकतान्त्रिक समाजवादी (लोसपा)ले मधेश प्रदेश सरकारबारे निर्णय लिने जिम्मेवारी अध्यक्ष महन्थ ठाकुरलाई दिएको छ । काठमाडौंमा उपलब्ध पदाधिकारीको आइतबार बसेको बैठकले महन्थलाई जिम्मेवारी दिएको हो । १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठन गर्न प्रदेशसभाका ५४ सांसदको समर्थन आवश्यक पर्छ । एमालेको २४, कांग्रेसको २२, जसपा नेपालको १९, जनमतको १३, नेकपा माओवादी केन्द्रको ९, लोकतान्त्रिक समाजवादी पार्टीको ८, नेकपा एकीकृत समाजवादीको ७ तथा राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका १–१ सदस्य छन् । एमाले, जनमत, जसपा र नेकपा एसको जोड्दा ५३ मत मात्रै हुन्छ भने साना पार्टीको साथ माग्नु पर्ने भएकाले मन्त्री दिन नसकिए राप्रपा, संघीय समाजवादी या नागरिक उन्मुक्ति नआउन सक्छ । एक सिटका पार्टीहरु फकाउनु भन्दा लोसपा मनाउनु नै जनमत गठबन्धनलाई राहत हुने देखिन्छ ।

## अब माओवादी फुट्छः यादव



सत्ता गठबन्धनबाटै पार्टी विभाजनको प्रहारमा परेका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले अब पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार चाँडै ढल्ने र नेकपा माओवादी केन्द्र पनि फुट्ने दाबी गरेका छन् । यद्यपि अब अध्यादेश ल्याएरै सत्ता गठबन्धन नेकपा एस फुटाउने तयारीमा रहेको चर्चा बढी भइरहेको छ । सत्ताधारी पार्टीका प्रमुख घटक एमालेलाई समेत बेइमानी गरी बजेट ल्याएकाले सरकार दुई चार दिनसमेत नचल्ने अध्यक्ष यादवले दाबी गरे । आइतबार जसपा नेपाल कपिलवस्तुले तौलिहवामा गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले भने, 'अहिलेको बजेटको बिषयमा केपी ओलीले समेत असन्तुष्टि पोख्नुले पनि यो सरकारका आयु धेरै नभएको सङ्केत देखिएको छ ।'

'अहिलेको बजेट माओवादीले एकलौटी ढंगले ल्याएको छ, त्यसैले अब यो सरकार चाँडै धरासायी हुन्छ,' उनले भने, 'आफ्नो पार्टीलाई पनि प्रचण्डले सरकार बचाउने नाममा फुटाएका हुन्, शिशाको घर भएकाले अरूको घरमा पत्थर हानेकोले यसको परिणाम चाँडै आउने छ ।'

# सहकारीको डेढ अर्ब ठगीको आरोपमा लामा पक्राउ



**काठमाडौँ ।**
सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ परेका सिबी लामालाई आइतबार काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले सार्वजनिक गरेको छ । लामाविरुद्ध कान्तिपुर बचत तथा ऋण सहकारी लिमिटेडमा रहेको बचतकर्ताको एक अर्ब ५१ करोड रुपैयाँ ठगी गरेको भन्दै आठ सय ५२ जनाले उजुरी दिएका थिए ।

सोही उजुरीका आधारमा केही दिनअघि पक्राउ परेका उनलाई आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो ।

सिबी लामा भनिने ४९ वर्षे चन्द्रबहादुर तामाङ काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका–५ घर भई हाल ललितपुरको बालकुमारीस्थित वस्र्टेर्न अपार्टमेन्टमा बस्दै आएका थिए । कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले लामाविरुद्ध गत फागुन २० गते काठमाडौँ जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको जानकारी दिए । पक्राउ परेका लामाका साथबाट प्रहरीले सामसुङ कम्पनीको दुई थान मोबाइल, नोकियाको एक थान मोबाइल र ६ वटा सीम बरामद गरेको जनाएको छ ।

प्रहरीका अनुसार लामा अध्यक्ष रहेको पशुपति बचत तथा ऋण सहकारीविरुद्ध पनि गत भदौमा ५४ जनाले उजुरी दिएका थिए । उनीविरुद्ध सो सहकारीमा भएको १२ करोड रुपैयाँ रकम हिनामिना गरेको आरोप छ । सो सहकारीको रकम अपचलनका सम्बन्धमा पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले जानकारी दिए । रासस

# भ्रामक सामग्रीलाई समाचारका रूपमा पस्कनु हुँदैनः बस्नेत



**काठमाडौँ ।**
प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले मिथ्या र भ्रामक सामग्रीलाई सञ्चारमाध्यमले समाचारका रूपमा पस्कन नहुने बताएका छन् । मिथ्या सामग्रीलाई गोलमटोल रुपमा पस्किँदा आम जनमानसलाई भ्रम परेको र त्यसले सञ्चार माध्यमको विश्वसनीयतामा धक्का लागेका तर्फ सबै सचेत हुनुपर्ने उनको धारणा थियो । युट्युब व्यवस्थापनका सन्दर्भमा काउन्सिलले आइतबार यहाँ आयोजना गरेको आचारसंहिता अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले मिथ्या सामग्री पस्केर पत्रकारितालाई नधुमिल्याउन आग्रह गरे ।

'माध्यम जुनसुकै होस् तर अहिलेको खाँचो भनेको परिपक्व पत्रकारिताको हो । अरुलाई प्रश्न मात्र उठाउने काम त सबैले गर्न सक्छन्, हामीले विवादरहित, जवाफदेही र जिम्मेवार भएर काम गर्नुपर्छ', अध्यक्ष बस्नेतले भने । उनले स्वस्थ, मर्यादित र जवाफदेहि पत्रकारिताले मात्रै समाजको हित गर्ने बताए । अध्यक्ष बस्नेतले युट्युबमार्फत भइरहेको पत्रकारिता राम्रो भएमा युट्युबकै गरिमा बढ्ने हुँदा पत्रकार आचारसंहिता र मर्यादाको ख्याल गर्न युट्युबरहरूलाई आग्रह गरे । 'हाम्रो पेसालाई राम्रो बनाउने दायित्व हाम्रो नै हो, त्यसैले युट्युबमार्फत पत्रकारिता गर्ने हो भने यसको मर्यादामा रहनै पर्छ । मर्यादाभन्दा बाहिर गएपछि त्यो पत्रकारिता हुँदैन' उनले भने ।

प्रेस काउन्सिल नेपालले युट्युबमार्फत सञ्चारकर्म गरिरहेका तर पत्रकार आचारसंहिताको पालनामा कमजोर देखिएका युट्युब सञ्चालकका लागि अभिमुखीकरण कार्यक्रम गर्दै आएको छ । आइतबार भएको चौथो शृंखलामा अध्यक्ष बस्नेत, सञ्चार विज्ञ डा भानुभक्त आचार्य र प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यसअवसरमा सञ्चारविज्ञ डा.आचार्यले पत्रकारिता क्षेत्र विश्वसनीय र परिणाममुखी बनाउन पत्रकारले सत्यतथ्य सामग्री छनोट गरेर समाचार दिनुपर्ने र त्यसमा प्रेस काउन्सिलको सशक्त उपस्थिति रहनुपर्ने बताए । युट्युबका माध्यमबाट हुने गरेको पत्रकारिताले सामाजिक उत्तरदायित्व बहन नगरेको भन्दै उनले समाचार दिने बेलामा नै पाठकलाई भ्रम छर्ने, गलत दिशानिर्देश गर्ने र समाजमा अपाच्य हुने विषयलाई काँटछाँट गरेर दिन सक्नुपर्नेमा जोड दिए । एक सय ३० वर्ष पुरानो छापा माध्यमबाट सुरू भएको पीत पत्रकारिताको अभ्यास अहिले डिजिटल माध्यमबाट भइरहेको भन्दै उनले यस्तो पत्रकारिता विश्वका कुनै पनि मुलुकका लागि उपयुक्त नहुने बताए । कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत खनालले युट्युब व्यवस्थापनका लागि काउन्सिलले गरेका पहल र त्यसको प्रगतिबारे जानकारी दिएका थिए । कार्यक्रममा ३० जना युट्युब सञ्चालकर सम्पादकको सहभागिता रहेको थियो । रासस

# जनमत–एमालेको अपरिपक्क.........

उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरूको हस्ताक्षरसहित जनमत पार्टी नेतृत्वमा सरकार गठनका लागि प्रदेश प्रमुखकहाँ आइतबार मध्याह्न पत्र बुझाउने हवाला दिए । यति मात्रै होइन, अल्पमतमा रहेका मुख्यमन्त्री सरोजकुमार यादवमाथि राजीनामा दिन नैतिक दबाब बनाउने भनेर राजनीतिक संस्कार पनि नबुझेको चरित्र दोहोर्याएर देखाए ।

**तेस्रो अधिवेशन आह्वान**

मधेश प्रदेश सभाको तेस्रो अधिवेशन जेठ २१ अर्थात् सोमबारबाट शुरु हुँदैछ । नेकपा एमाले र नेकपा माओवादी केन्द्र सरकारबाट बाहिरिएपछि संवैधानिक प्रावधान अनुसार जेठ २९ गतेभित्र मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनुपर्नेछ । मुख्यमन्त्री यादवले त्यसअगावै जेठ २३ गते नै विश्वासको मत लिने बताएर नीति तथा कार्यक्रमको तयारी गर्दै तेस्रो अधिवेशन आह्वान गरेका छन् ।

**एमाले–जनमत–माओवादी** गठबन्धनले लोसपा र एसका नेताहरुसँग छलफल नै नगरेको पाइएको छ । किनभने आइतबार बसेको लोसपाको बैठकले मधेश सरकारमा जसपाका सरोजकुमार यादवलाई निरन्तरता दिने या जनमतको सरकारलाई साथ दिने भन्ने निर्णयको अधिकार पार्टी अध्यक्ष महन्थ ठाकुरलाई दिएको छ ।

यता, नेकपा(एस) संसदीय दलका नेता गोविन्दबहादुर न्यौपानेले बहुमत सदस्यका हस्ताक्षरसहित प्रदेश प्रमुखलाई पत्र दिइने र त्यसमा नेकपा(एस) का प्रदेशसभा सदस्य समेतको हस्ताक्षर रहने विषयमा नेकपा एस जानकार नभएको बताए । लोसपा नेपालका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले पनि अहिलेको अवस्थामा बहुमत दाबी गर्न वा सरकार गठनका लागि प्रदेश प्रमुखकहाँ दिइने भनिएको पत्रमा लोसपा नेपालका प्रदेशसभा सदस्यले हस्ताक्षर नगर्ने बताए । यसरी गठबन्धनका नाममा मधेशमा एमाले–माओवादी–जनमतले पटकपटक बेइमानी गरिरहेको देखिन्छ ।

यति मात्रै होइन, कानूनी अड्चन देखिने भएपछि दोस्रोपटक पनि मधेश प्रदेशका मुख्यमन्त्रीलाई बर्खास्त गर्ने उनीहरुको चाहना रोकिएको छ ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिन तयार रहेको भने मंगलबारका लागि प्रदेशसभालाई जानकारी समेत गराइसकेको अवस्थामा बहुमत दावी गर्नु कानूनी अड्चन हुन सक्ने देखेर तत्काल रोकिएको हो र एमाले– माओवादी– जनमतको हतारो र राजनीतिक केटाकेटीपन देखिएको हो ।

# दलीय न्यायाधीश नियुक्त गर्ने परिपाटी अत्य हुनुपर्छः मुख्यमन्त्री



**लमजुङ ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अहिले दलीय आधारमा न्यायाधीश नियुक्त गर्ने चलन परिपाटी बसालिरहेकाले यसलाई नहटाएसम्म स्वतन्त्र न्यायलिकाको कल्पना गर्न नसकिने बताएका छन् । आइतबार बेँसीसहर नगरपालिका–३ मा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाको नवनिर्मित भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले दलीय स्वार्थ र न्यायाधीश अनुकूल न्याय गर्ने प्रविधिको सम्भावना रहेकाले कानुन तथा संविधानबाट यसको 'प्राक्टिस' सबै बदल्नुपर्ने बताए । यदि बदल्न सकेन भने नेपालमा न्याय मर्ने उनको भनाइ छ ।

उनले भने, 'त्यस्तै उहाँलाई यतिबेला हरेक कुराहरू न्यायालयमा पुग्न थालेका छन्, त्यो स्वाभाविक पनि हो, त्यस्तै अहिले सत्ताशीन दलहरुले संविधानको क्षेत्र खोजेर सरकार गिराउने र बनाउने प्रयत्न भइरहेकाले यो दुःखदायी कुरा हो, यसरी संविधानको छिद्र खोजेर र मैले जे गरे पनि हुन्छ ।' सत्ता टिकाउने खेलमा मात्रै अघि बढ्यो भने संविधान र अहिलेको व्यवस्था बचाउन नसकिने उनले बताए ।

संविधान र सङ्घीय व्यवस्थाप्रति अहिले चारैतिरबाट प्रहार भइरहेकाले यसको जवाफ कामबाट दिनुपर्नेमा उनले जोड दिए । पाँच वर्षको स्थिर सरकारका लागि चुनावमा माओवादीसहित अन्य दलसँग नेपाली कांग्रेस मिलेर गठबन्धन गरेर अघि बढेको र त्यसले केही परिणाम दिए पनि पहिले मुख्य मान्छे नै अस्थिर हुँदा मुलुकले स्थिरता पाउन नसकेको मुख्यमन्त्री पाण्डेको आरोप छ । त्यसैले पाँच वर्षको अस्थिर सरकार बनाउन एउटा चुनौती रहेको उनको भनाइ छ ।

पत्रकार महासङ्घको भवनका लागि ३५ लाख रुपैयाँ प्रदेश सरकारले सहयोग गरेको र आगामी दिनमा थप रकम समेत सहयोग गर्ने उनको भनाइ छ ।

पत्रकारहरुलाई सहज रूपमा काम गर्नलाई सरकार र मन्त्रीबाट धम्की तथा असहज परिस्थितिको सिर्जना हुने गरेको मुख्यमन्त्री पाण्डेले बताए । विगतमा राजाका बेला, माओवादीको दण्डको बेलामा र विभिन्न समस्याका बेलामा समेत निरन्तर पत्रकार अघि बढ्दै आएको तथा आगामी दिनमा समेत कसैसँग नझुकी पत्रकारलाई अघि बढ्न उनले आग्रह गरे ।

प्रदेशका अर्थमन्त्री टकराज गुरुङले संविधान र राजनीतिक उपलब्धिप्रति प्रहार गर्ने काम भइरहेको लोकतन्त्र तथा स्वतन्त्रका लागि हामी लड्दै आएका र यो व्यवस्थाभित्र स्वतन्त्र पत्रकारिता हुने बताए । उनले प्रदेश सरकारले यसअघि पनि लमजुङले बजेट कम नगराएको र झन् यस वर्ष यस जिल्लालाई बजेट बढाउने बताए ।

नेपाल पत्रकार महासङ्घका पूर्वकेद्रीय सदस्य किसान सङ्गीत नेपालीले व्यावसायिक पत्रकारको पीडा र मर्कामा राज्यले उचित ध्यान दिनुपर्ने तथा मिडियामैत्री योजना कार्यक्रम राज्यले ल्याउनुपर्नेमा जोड दिए ।

पत्रकार महासङ्घका जिल्ला अध्यक्ष परमेश्वर अधिकारीले पत्रकारको भवन निर्माणले पत्रकारका लागि सहज वातावरण हुने बताए । स्वावलम्बी समाज सेवा केन्द्र नेपालले निःशुल्क उपलब्ध गराएको १० आना र पत्रकार महासङ्घ जिल्ला शाखाले तीन आना साढे पाँच लाख रुपैयाँमा खरिद गरी १३ आना जग्गामध्ये करिब पाँच आनामा भवन निर्माण गरिएको छ । दुईतले भवनमा ११ कोठा रहेका छन् । हालसम्म करिब ९५ लाख रुपैयाँ खर्च भएको भवन निर्माण समितिका सचिव नवीनराज कुइँकेलले बताए । रासस

# 'न्यायालय कानुनी राज्य स्थापना र समृद्धिको संवाहक'

**काठमाडौँ ।**
पूर्वप्रधानन्यायाधीश टोपबहादुर सिंहले न्यायालय विकासविरोधी नभई कानुनी राज्य स्थापना र समृद्धिको संवाहका रूपमा रहेको बताएका छन् । पूर्वन्यायाधीश फोरम नेपालद्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले कानुनी राज्य र जनअधिकार स्थापित गर्ने दृष्टिकोणबाट अदालतले गरेका निर्णयलाई विकासविरोधीको सङ्ज्ञा दिन नमिल्ने तर्क गरे । उनले न्यायालय राजनीतिक हस्तपक्षबाट मुक्त हुनुपर्नेमा जोड दिए । 'न्यायाधीश नियुक्तिमा राजनीतिक पार्टीले भागबण्डा गर्न थाले अदालतमा राजनीतिक हस्तक्षप हुनपुग्छ, त्यसैले योग्यता र क्षमताका आधारमा न्यायाधीश नियुक्ति गरिए धेरै समस्या समाधान हुन्छन् । राज्यका निकाय कानुन र विधिअनुरुप चलेमा अदालतको हस्तक्षेप स्वतः अन्त्य हुन्छ' उनले भने ।

पूर्वन्यायाधीश फोरमका महासचिव शम्भुबहादुर खड्काले शासकीय पदाधिकारीको व्यवहारमा देखिएको विचलन र सत्तास्वार्थका कारण विधिको शासनका मूल्यमान्यता दिनानुदिन ओरालो लागेको बताए । उनले भने, 'सबैले समानरूपमा कानुनको पालना गर्नुपर्नेमा त्यसो नहुँदा कानुनको सर्वोच्चता, समानता र समान संरक्षणको अवस्था मुलुकमा विद्यमान रहेको देखिन्न ।' कानुन कार्यान्वयन गर्ने कर्तव्य भएका निकाय वा पदाधिकारीले निष्पक्ष, प्रभावकारी एवम् स्वस्फूर्त ढङ्गबाट आफ्नो कानुनी दायित्व र कर्तव्य निर्वाह गर्ने परिस्थिति सिर्जना गर्नुपर्नेमा राजनीतिक नेतृत्वको चाहनाअनुसार चल्ने अवस्थाले विधिको शासनका मूल्यमान्यतामाथि कुठाराघात हुने गरेको फोरमको ठहर छ ।

फोरमले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'कानुनको सर्वोच्चता नै विधिको शासनको मूल्य र मान्यता भएकाले न्यायाधीश स्वय पनि कानुन र न्यायका मान्य सिद्धान्तअन्तर्गत अनिवार्यरूपमा बाधिनुपर्छ ।' लोकतन्त्रको मियोका रूपमा रहेको न्यायालय आफनो संवैधानिक एवम् कानुनी कर्तव्यबाट विमुख भयो भने विधिको शासनको मान्यता र लोकतान्त्रिक व्यवस्था नै अप्ठेरोमा पर्न सक्नेतर्फ सजग हुन फोरमले सुझाव दिएको छ । विज्ञप्तिमा अगाडि भनिएको छ, 'राज्य संयन्त्रका जिम्मेवार पदाधिकारीबाट विधिको शासनको उच्च सम्मान गर्न र इमान्दारी तथा निष्पक्षताका साथ परिपालन गर्न फोरम आह्वान गर्दछ ।' रासस

# एक महिनामा भित्रिए ९० हजार विदेशी पर्यटक



**काठमाडौँ ।**
सन् २०२४ को मे महिनामा ९० हजार विदेशी पर्यटक भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले आइतबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार मे महिनामा जम्मा ९० हजार दुई सय ११ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन् । सन् २०२३ को तुलनामा यस वर्ष पर्यटक आगमन १६ दशमलव १० प्रतिशतले वृद्धि भएको हो । सन् २०२३ को मेमा ७७ हजार सात सय तीनजना विदेशी पर्यटक नेपाल आएका थिए ।

कोभिड–१९ महामारीपूर्व ७८ हजार तीन सय विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । विदेशी पर्यटक आगमन उत्साहजनक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए । उनले भने, 'समग्रमा पर्यटक आगमन उत्साहजनक देखिन्छ । तुलनात्मक रुपमा भारत र अमेरिकाबाट धेरै संख्यामा पर्यटक भित्रिए पनि चीनबाट अपेक्षित रुपमा पर्यटक बढेका छैनन् ।' विगतका महिनामा झैँ यो पटक पनि सबैभन्दा बढी छिमेकी मुलुक भारतबाट ३८ हजार दुई सय ८८ जना पर्यटक नेपाल भित्रिएका छन् । सोही अवधिमा अर्को छिमेकी मुलुक चीनबाट आठ हजार तीन सय ८१ जना पर्यटक नेपाल आएका छन् । संयुक्त राज्य अमेरिकाबाट आठ हजार पाँच सय २७ पर्यटक नेपाल भित्रिएका छन् ।

## दुर्घटनामा ६ भारतीय पर्यटक घाइते

चितवनमा पर्यटक बोकेको जिप दुर्घटना हुँदा ६ भारतीय नागरिक घाइते भएका छन् । कुमरोज सामुदायिक वन हुँदै चितवन राष्ट्रिय निकुञ्जतर्फ जाँदै गरेको ना४च ८८५५ नम्बरको जिप आज खैरहनी नगरपालिका–१२ दराई ताल नजिक दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक भेषराज रिजालका अनुसार उक्त जिप अनियन्त्रित भई दुर्घटना भएको हो ।

दुर्घटनामा घाइते भएका सबै भारतको महाराष्ट्र प्रान्तको मुम्बईको बेण्डाली थानाका रहेका प्रहरीले जनाएको छ । घाइते हुनेमा ५२ वर्षीया सुस्मिता सुदेश खाडिया, ७४ वर्षीया रेखारामचन्द्र जादव, ६० वर्षीय सुदेशशङ्कर खाडिया, ६४ वर्षीय विजय मोरे, ५८ वर्षीया वैशाली गुप्तेश्वर तथा ६२ वर्षीय पङ्कज गुप्तेश्वर रहेका छन् । घाइते पर्यटकको रत्ननगर र भरतपुरका अस्पतालमा उपचार भइरहेको छ । चितवनको रत्ननगर नगरपालिका–४ घर भएका चालक ४५ वर्षीय सन्तकुमार चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । रासस



**निर्माणाधीन पूर्व–पश्चिम राष्ट्रिय प्रसारण लाइन**

सर्लाहीको बागमती नगरपालिका–११, स्थित हरिहर क्षेत्रमा निर्माणाधीन पूर्व–पश्चिम राष्ट्रिय प्रसारण लाइन अन्तरर्गतको संरचना । तस्बिरः सिंगबहादुर थापा/रासस

# वीरगंज महानगरलाई १ अर्ब २७ करोड अनुदान




**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ मा वीरगंज महानगरपालिकाका लागि विभिन्न प्रकारको १ अर्ब २७ करोड १० लाख रुपैयाँ अनुदान विनियोजन गरेको छ ।
वीरगंज महानगरपालिकालाई केन्द्रबाट १ अर्ब २७ करोड १० लाख रुपैयाँ अनुदान विनियोजन गरिएको हो । वीरगंज महानगरका लागि समानीकरण अनुदानतर्फ ३४ करोड २४ लाख रुपैयाँ र सशर्त अनुदानतर्फ ९१ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
वीरगंजका लागि विशेष अनुदानतर्फ २ करोड १० लाख विनियोजन गर्दा समपूरक अनुदानका लागि कुनै पनि रकम छुट्याइएको छैन ।
त्यसैगरी, पर्सा जिल्लाकै पोखरिया नगरपालिकालाई ३३ करोड ७५ लाख रुपैयाँ अनुदान विनियोजन भएको छ । त्यस्तै, पर्सागढी नगरपालिकालाई ३३ करोड २४ लाख रुपैयाँ र बहुदरमाई नगरपालिकालाई ३२ करोड ९५ लाख रुपैयाँ अनुदान विनियोजन गरेको छ ।
छिपहरमाई गाउँपालिकालाई २४ करोड ९७ लाख रुपैयाँ, जगरनाथपुर गाउँपालिकालाई २८ करोड १० लाख रुपैयाँ धोबिनी गाउँपालिकालाई २२ करोड २७ लाख रुपैयाँ, पकाहमैनपुर गाउँपालिकालाई २१ करोड ९७ लाख रुपैयाँ, पटेर्वासुगौली गाउँपालिकालाई २६ करोड ६ लाख रुपैयाँ केन्द्रले विनियोजन गरेको छ ।
त्यस्तै, केन्द्र सरकारले पर्साको बिन्दबासिनी गाउँपालिकालाई २४ करोड ५ लाख रुपैयाँ, सखुवा प्रसौनी गाउँपालिकालाई ३३ करोड १२ लाख रुपैयाँ, ठोरी गाउँपालिकालाई २८ करोड २३ लाख रुपैयाँ, कालिकामाई गाउँपालिकालाई २३ करोड ११ लाख रुपैयाँ र जिराभवानी गाउँपालिकालाई २४ करोड १६ लाख रुपैयाँ विनियोजन गरेको छ ।
सरकारले आगामी आर्थिक वर्षमा ७५३ स्थानीय तहका लागि विभिन्न प्रकारको अनुदानवापत ३ खर्ब १२ अर्ब ४२ करोड ६१ लाख रुपैयाँ विनियोजन गरेको छ । यसमध्ये महानगरपालिकामा ११ अर्ब ७३ करोड ५ लाख रुपैयाँ, उपमहानरपालिकामा ११ अर्ब ६३ करोड ९२ लाख रुपैयाँ र नगरपालिकामा १ खर्ब ४२ अर्ब ५२ करोड रुपैयाँ विनियोजन भएको छ । गाउँपालिकाको लागि १ खर्ब ४६ अर्ब ५२ करोड रुपैयाँ विनियोजन गरेको छ ।

# समाजको उत्थानमा युवाको भूमिका महत्वपूर्णः साह




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
तेली कल्याण समाज नेपालका अध्यक्ष विश्वनाथ साहले समाजको उत्थानमा युवाको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।
जनकपुर उपमहानगरपालिका वडा नम्बर १६ कपलेश्वरमा तेली कल्याण समाजले आयोजना गरेको शपथ ग्रहण तथा कार्यालय उद्घाटन समारोहमा अध्यक्ष साहले युवा नै राष्ट्र निर्माता भएको उल्लेख गर्दै समाजको उत्थानमा युवाको भूमिका महत्वपूर्ण हुने बताएका हुन् ।
सो कार्यक्रमका प्रमुख अतिथिका रुपमा सभालाई सम्बोधन गर्दै तेली कल्याण समाज नेपालका अध्यक्ष साहले भने, 'नेपालमा तेलीको जनसंख्या ५ प्रतिशत छ । तर राजनीतिक क्षेत्रमा तेलीको सहभागिता न्यून छ ।'
विशेष अतिथिका रुपमा बोल्दै नेपाल सरकारका पूर्वमन्त्री अनिता साहले तेली जातीमा शिक्षाको अभाव रहेको बताइन् ।
विशेषगरी महिला शिक्षामा जोड दिन जरुरी रहेको उनले बताइन् । दाइजो प्रथा समाजका लागि कलंक भएको भन्दै उनले त्यसका विरुद्ध सचेतना फैलान जरुरी रहेको बताइन् ।
विजयकुमार साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राष्ट्रिय अध्यक्ष विश्वनाथ साहले नवनिर्वाचित अध्यक्ष विगुल साहलगायत सबै पदाधिकारीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए ।
सो अवसरमा जेष्ठ महिला तथा पुरूषलाई दोसल्ला ओढाएर सम्मानसमेत गरिएको थियो । शपथ ग्रहण समारोहमा पूर्वमन्त्री अरविन्द साह, पूर्वमन्त्री शैलेन्द्र साह, पूर्व मेयर बजरंग साह, केन्द्रीय सचिव सत्यनारायण साह, जनमत नेता ई. शम्भु साह, सञ्जयकुमार साह, नेकपा समाजबादीका पोलिटब्यूरो सदस्य सुधीरकुमार साह, पूर्व जिविस सभापति रामचरित्र साह, वडाध्यक्ष परमेश्वर साह, दीपेन्द्र साह, जानकीराम साह, ललित साह, राम वावू साह, अंबू प्रसाद साह,जगदीश साहलगायतको उपस्थिति रहेको थियो ।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०२/२१ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सांवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको सांवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । साथै यस बैंकको सम्पूर्ण रकम नतिरेमा वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन, नियमावली, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री हाम्रो साना किसान कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : क.न.पा.-५, सिन्धुली । हालको ठेगाना कमलामाई-, सिन्धुली ।** **दर्ता नं: १०५७/२०६५/०७०**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम :हरि प्रसाद ढकाल (अध्यक्ष तथा जमानीकर्ता)**
बाबु : ढकनाथ ढकाल
बाजे : जदुनाथ ढकाल
ना प्र नं. :४४०५/७८५६/१६७८३ (सिन्धुली)
ठेगाना : सिद्धेश्वर-४,सिन्धुली

**२) नाम : सानी श्रेष्ठ (उपाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : वीरबहादुर श्रेष्ठ
पति : पूर्णबहादुर श्रेष्ठ
ना.प्र.नं :८६७/१५२१५
ठेगाना : कमलामाई-९,सिन्धुली

**३) नाम : उमा कार्की थापा (सचिब तथा जमानीकर्ता)**
बाबु :जित बहादुर कार्की
पति : उर्ब कुमार थापा
ना.प्र.नं :२०-०१-७३-०३९६९
ठेगाना :कमलामाई-५, सिन्धुली

**४) नाम : सृजना कार्की (कोषाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : नर बहादुर कार्की
पति : उर्ब कुमार थापा
ना.प्र.नं : १९७२
ठेगाना :जुडिबेला-३, सिन्धुली

**५) नाम : मनिषा काफ्ले (सदस्य तथा जमानीकर्ता)**
बाबु : भुबनेश्वर काफ्ले
पति : हरि प्रसाद ढकाल
ना.प्र.नं :३९९२
ठेगाना : डाडीगुंरासे-६,सिन्धुली

**६) नाम : सकुन्तला राई (सदस्य तथा जमानीकर्ता)**
बाबु : नर बहादुर राई
बाजे : भैरब बहादुर
ना.प्र.नं :१९६२४
ठेगाना : कमलामाई-४, सिन्धुली

**७ ) नाम : लिला कुमारी ढकाल (सदस्य तथा जमानीकर्ता)**
बाबु : नेत्र प्रसाद काफ्ले, पति : बासुदेव ढकाल
ना.प्र.नं : १५३६७, ठेगाना :कमलामाई-४, सिन्धुली

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री रामेश्वरको नातिनी श्री भुवनेश्वर काफ्लेको छोरी सिन्धुली जिल्ला डाडीगुरासे गा.वि.स. वडा नं. ६ बस्ने श्री मनिषा काफ्लेको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला सिद्धेश्वर गा.वि.स. वडा नं. ४ढ को कित्ता नं. ६८८ र ५८४ को क्षेत्रफल ०-२-०-० , ०-२-९-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


# निःशुल्क रगत परीक्षणका लागि सम्झौता

मधेशदृष्टि
बारा ।
नेपाल रेडक्रस सोसाइटी पर्सा शाखा र बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १४ को कार्यालयबीच रगत परीक्षण निःशुल्क गर्नका लागि सम्झौता भएको छ । जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १४ का बिरामीहरुलाई उपचारको क्रममा रक्तसञ्चार केन्द्र वीरगंजबाट आवश्यक पर्ने रगतको परीक्षण निःशुल्क गर्न सम्झौता भएको हो । रेडक्रस सोसाइटी पर्साकाका सभापती वीरेन्द्रराज कँडेल र वडाअध्यक्ष चयन गुरुङले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता पत्रमा हस्ताक्षरका क्रममा नेपाल रेडक्रस सोसाइटी पर्साका निमित्त शाखा अधिकृत वीररशम्सेर प्रसाद कुर्मी, सहायक राजन श्रीवास्तव मिना क्षेत्री लगायतकोपनि उपस्थिति रहेको थियो ।

# नदीजन्य पदार्थ उत्खनन्मा कडाई

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला समन्वय समिति बाराले नदीजन्य पदार्थ उत्खननमा रोक लगाएको बाराको तीन स्थानीय तहका खोला अझै सञ्चालनमा आउन सकेका छैनन् । अनुगमनका क्रममा मापदण्डविपरीत उत्खनन गरेको भेटिएको भन्दै समितिले जिल्लाको एक उपमहानगरपालिका र दुई नगरपालिकाभित्रको खोलामा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनमा रोक लगाएको थियो । समितिले जितपुरसिमरा उपमहानगरपालिकाको दूधौरा, बालगंगा, पसाहामा जेठ ३ गते, निजगढको बकैया, शक्तिखोला, भक्तलाल र कोल्हबीको क्षेत्रमा पर्ने बकैया खोलामा जेठ १ मा अनुगमन गर्दै नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न रोक लगाएको थियो ।
नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिको बैठकले मापदण्डविपरीत काम भएको ठहर गर्दै छानबिन नहुँदासम्मका लागि उत्खननमा रोक लगाउने निर्णय गरेको थियो । समितिको बैठकपछि जिल्ला समन्वय समितिले सम्बन्धित पालिकालाई पत्राचार गरेर नदीजन्य पदार्थ उत्खनन् कार्य तत्काल रोक्न निर्देशनसमेत दिएको थियो । उक्त निर्देशनपछि सम्बन्धित पालिकाले ठेकेदार कम्पनीलाई पत्राचार गर्दै उत्खनन् कार्य तत्कालका लागि रोक्न सूचित गराएका थिए । पालिकाको पत्राचारपछि हालसम्म तीन पालिकाको सबै खोलामा उत्खनन बन्द छ । अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साहको नेतृत्वमा सहसंयोजक एवं प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे, प्रहरी उपरीक्षक महेन्द्र खड्का, डिभिजन वन कार्यालयका प्रतिनिधिसहितको टोलीले खोलाको अनुगमन गरेको थियो ।
अनुगमनका क्रममा केही खोलामा वातावरणीय मूल्यांकन प्रतिवेदन (आईई) र ढुंगा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७८ विपरीत उत्खनन भएको निष्कर्ष समितिले निकालेको थियो ।
अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले उत्खननको जिम्मेवारी पाएका ठेकेदार कम्पनीले मापदण्डको ख्याल नगरेको र मनोमानी ढंगले उत्खनन गरेको अवस्था देखिएको बताए । उनले हालसम्म भएका उत्खननको अवस्थालाई यथावत् राखेर प्राविधिक टोलीको छानबिनपछि अगाडि बढ्ने बताउँदै उत्खनन तत्कालका लागि रोक्न निर्देशन दिएको जानकारी दिए । सन्देश सप्लायर्सले २ करोड २४ लाख रूपैयाँ रकम अग्रिम बुझाएर दूधौरा खोलाको ठेक्का सम्झौता गरेको थियो ।

# गौरको ट्रायल सेन्टरबाट दुई जना पक्राउ



**सञ्जय मिश्रा**
**रौतहट ।**
गौरको ट्रायल सेन्टरबाट दुई जना पक्राउ परेका छन् । ट्रायल सेन्टरबाट दुई दलाललाई आईतबार प्रहरीले पक्राउ गरेको हो । ट्रायल सेन्टरमा दलालहरुले लाईसेन्स बनाई दिने भन्दै सेवाग्राहीसँग रकम असुलको गुनासो आएपछि दुई जना दलाललाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी डिएसपी एलिजा गिरीले बताइन् । पक्राउ पर्नेमा चितवन भरतपुर–१० बस्ने ४५ वर्षीय रमेश पाठक र गौर नगरपालिका वडा नम्बर १ बस्ने ४८ वर्षीय श्याम नारायण साह रहेको प्रवक्ता गिरीले जानकारी दिइन् ।
पक्राउ परेका दुवै जनामाथि मुद्दा दर्ता तथा म्याद थपको प्रक्रिया जारिरहेको तथा प्रक्रिया पूरा भएपछि घटनाबारे पूर्ण विवरण सार्वजनिक गर्ने डिएसपी गिरीले बताइन् । पछिल्लो समय यातायात कार्यालय गौरमा हरेक समय स्थानीयदेखि काठमाडौँसम्मका दर्जनौं दलाल घुमिरहेको पाइन्छ । दलालमार्फत खुलेयाम रकम लिएर चालक अनुमतिपत्र खरिद बिक्रि हुनेगरेको गुनासो बढ्दै गएको छ । स्कुटर, जीप, कार, टेम्पु, ट्याक्टर लगायतका सवारी साधनको अनुमति पत्र वितरण तथा सवारी साधनको नविकरण, सवारी दर्ता, सवारी जाँचपास र नामसारी लगायतका कार्यको लागि आर्थिक लेनदेन दलालमार्फत हुनेगरेको सेवाग्राहीले गुनासो गरेका छन् । तर, कार्यालयका प्रमुख अरविन्द दासले भने आरोपको खण्डन गरेका छन् ।

# क्षेत्रीय समन्वय समितिको बैठक



**मधेशदृष्टि**
**वीरगंज ।**
सत्तारुढ दल नेकपा माओवादी केन्द्रको पर्सा क्षेत्र नम्बर ४ को क्षेत्रीय समन्वय समितिको बैठक सम्पन्न भएको छ । पर्सा क्षेत्र नम्बर ४ का अगुवा नेता कार्यकर्ताको सहभागिमा आइतबार ठोरी गाउँपालिका वडा नम्बर ४, आठघरेमा बैठक सम्पन्न भएको हो । बैठकमा वक्ताहरुले माओवादीकै कारण मुलुकमा गणतन्त्र र संघीयता प्राप्त भएकोले त्यसको रक्षाको निमित्त पार्टी गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए । परिवर्तनको पक्षधर भएर पनि पार्टी संसदीय यात्रामा कमजोर बन्दै गएकोमा चिन्ता व्यक्त गर्दै वक्ताहरुले पार्टी भित्रको अन्तर्विरोध हल गर्न सके पार्टी निर्माण हुन सक्ने विचार व्यक्त गरेका थिए ।
पार्टीका केन्द्रीय सचिव लिलामणी पोखरेलले दश वर्षे जनयुद्धबाट मुलुकमा ठुलो राजनीतिक परिवर्तन गर्न सफल भएको भए पनि सहिद परिवारले नै हामीले के पायौं भनेर प्रश्न सोध्ने अवस्था आउनु दुखद भएको बताए । नेता पोखरेलले अब पार्टी निर्माणसंगै आर्थिक रुपान्तरण गर्नुपर्ने बेला आएको बताए । सो अवसरमा पार्टीका स्थायी कमिटी सदस्य एवम् पूर्व मन्त्री विश्वनाथ साहले पार्टीमा गुट सिर्जना हुनु दुखद भएको भन्दै पार्टी विधान अनुसार चल्नुपर्नेमा जोड दिए । पार्टीभित्र रहेका सबै समस्या समाधान गर्न सबै तहतप्काको कार्यकर्ता लाग्नुपर्नेमा जोड दिँदै पूर्वमन्त्री साहले पार्टीमा अन्तर्विरोध हुने र सो अन्तर्विरोध हल भए पार्टी बलियो बन्ने विश्वास व्यक्त गरे । बैठकमा पार्टीका केन्द्रीय सदस्य एवम् पर्सा जिल्ला ईन्चार्ज विजय महतो, केन्द्रीय सदस्य क्षेत्र नंम्बर ४ ईन्चार्ज टेक बहादुर शाक्य, केन्द्रीय सदस्य रामबाबु बैठालगायतले आफ्नो भनाइ राखेका थिए । ठोरी गाउँपालिकाका पूर्वअध्यक्ष पदमलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ठोरी र जगरनाथपुर गाउँपालिका विभिन्न पार्टी परित्याग गरी एक दर्जन भन्दा व्यक्तिहरु माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।

*जहिले पनि याद गर, सफल भएरै छोड्ने तिम्रो संकल्प नै सबैभन्दा महत्वपूर्ण कुरा हो ।* *– अब्राहम लिंकन*

## सम्पादकीय

# स्थानीय तहको आक्रोश सिंहदरबारमा

*विगतमा पटक–पटक तीन तहका सरकारबीच काम कर्तव्य र अधिकारका विषयमा विमतिहरु रहेको कुरा अवगत नै छ । विशेषगरी संविधान निर्माण पछि तीन केन्द्र, प्रदेश र स्थानीय तहबीच सम्वयनकारी भन्दा बढी हस्तक्षेपकारी भूमिका भएको कुरा सार्वजनिक रुपमा पनि उठ्दै आइरहेको विषय हो । संविधानले पनि तीनै तहको काम कर्तव्य र अधिकारका विषयमा प्रष्ट बोलेको भए पनि तीन तहका सरकारबीच समन्वय नहुँदा त्यसको प्रभाव चौतर्फी देखा पर्न थालेको छ । कतिपय विकास निमार्णका मुद्दादेखि राजस्व संकलनसम्मका विषयमा समन्वयको अभाव देखिएको आएको पनि हो । यस्तो अवस्थामा स्थानीय तहलाई पनि सही ढंगबाट काम कारबाही गर्न मद्दत गर्नपर्ने संघीय सरकारले बजेटमा स्थानीय तहलाई दिइने अनुदानमा कटौति गरेर झनै एकअर्का बीचको दूरी बढाएको छ । यसपटक केन्द्र सरकारले आगामी आर्थिक वर्षमा २०८१÷८२ मा ७५३ स्थानीय तहका लागि विभिन्न प्रकारको अनुदानवापत ३ खर्ब १२ अर्ब ४२ करोड ६१ लाख रुपैयाँ पठाउँदै छ । यसमध्ये महानगरपालिकामा ११ अर्ब ७३ करोड ५ लाख रुपैयाँ, उपमहानरपालिकामा ११ अर्ब ६३ करोड ९२ लाख रुपैयाँ र नगरपालिकामा १ खर्ब ४२ अर्ब ५२ करोड रुपैयाँ विनियोजन भएको छ । गाउँपालिकामा १ खर्ब ४६ अर्ब ५२ करोड रुपैयाँ विनियोजन गरेको छ । स्थानीय तहमा जाने अनुदानमध्ये वित्तीय समानीकरण अनुदान कुल ८८ अर्ब रुपैयाँ रहेको छ । सशर्त अनुदान २ खर्ब ८ अर्ब रुपैयाँ रहेको छ । विशेष अनुदान ८ खर्ब ४० अर्ब र समपुरक अनुदान ७ अर्ब रुपैयाँ जाने अर्थ मन्त्रालयले जनाएको छ । समानीकरण अनुदानतर्फ महानगरपालिकामा २ अर्ब ५५ करोड, उपमहानगरपालिकामा ३ अर्ब १४ करोड, नगरपालिकामा ३८ अर्ब ४२ करोड र गाउँपालिकाहरुमा ४३ अर्ब ८८ करोड रुपैयाँ जाने छ । तर, सरकारले चालु आर्थिक वर्षको अन्तिम किस्ताबापत वित्तीय समानीकरण अनुदान २५ प्रतिशत कटौती गर्ने निर्णय गरेपछि स्थानीय तह आक्रोशित बनेको छ । परिणामतः आइतबार सिंहदरबारभित्रै पुगेर स्थानीय तहका प्रमुख, उपप्रमुखले धर्ना दिए । सयौँका संख्यामा उपस्थित जनप्रतिनिधिहरुले अनुदान कटौती सच्याउन एक साताको अल्टिमेटम दिएका छन् । चालु आर्थिक वर्षको अन्तिम किस्तामा पाउनुपर्ने वित्तीय समानीकरण अनुदान २५ प्रतिशत कटौती सच्याउनुपर्ने माग उनीहरुले अघि सारेका छन् । एक साताको अल्टिमेटम दिएका जनप्रतिनिधिले आफूहरुका माग सम्बोधन नभए सबै स्थानीय तह बन्द गरेर आन्दोलन चर्काउन समेत चेतावनी दिएका छन् । जनप्रतिधिहरुको मागलाई सम्बोधन गर्नुपर्ने भन्दै गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघले समेत साथ दिएको छ । तर, यता अर्थ मन्त्रालयले भने राजस्व कम उठेको र स्रोतको दबाबका कारण वित्तीय समानीकरण अनुदान कटौती गरेको तर्क गरेको छ । विभिन्न वाहनामा सरकारले स्थानीय तहसँग बढाउन खोजेको अस्वभाविक दूरीको परिणाम भोग्नु पहिले सरकारले स्वयंमले जनप्रतिनिधिले उठाएका विषयमा एक पटक पुनः समीक्षा गर्ने कि ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# औद्योगिक राजधानी घोषणामा विलम्ब



हिमाल लम्साल



वीरगंज आसपासको क्षेत्र ९० वर्षभन्दा लामो व्यापारिक तथा औद्योगिक विरासत बोकेको क्षेत्र भएकाले २०औँ वर्षदेखि औद्योगिक क्षेत्र घोषणा गर्न माग हुँदै आएको छ। यहाँका उद्योगी र व्यवसायीको एकल प्रयासले मात्रै औद्योगिक नगरीको उपमा पाएको वीरगंजलाई औद्योगिक राजधानीका रुपमा विकास गर्न सकिएमा मुलुकको औद्योगिक विकासमा नयाँ आयाम थपिने विश्वास गरिएको छ।

यहाँका सबैजसो उद्योग–कलकारखाना उद्योगीको व्यक्तिगत जग्गामा सञ्चालन हुँदै आइरहेको छ व्यवसायीहरुको भनाइ छ। काठमाडौँ, ललितपुर, पोखरालगायतका क्षेत्रमा राज्यले नै ठाउँ उपलब्ध गराएर औद्योगिक क्षेत्रका रुपमा विकास गरिएको छ। तर, यहाँ भने उद्योगीकै सक्रियतामा विकास सम्भव भएको वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष तथा उद्योगी हरि गौतम बताउँछन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझा सरकारले पर्सा र बारा क्षेत्रलाई समेटेर औद्योगिक राजधानी घोषणा गरेर औद्योगिक लगानीमैत्री वातावरण बनाउँदा राम्रो हुने बताउँछन् । 'औद्योगिक राजधानी घोषणा गर्ने विषय राजनीतिक विषय भए पनि यस क्षेत्रलाई औद्योगिक राजधानी घोषणा गर्न कुनै समस्या छैैन' उनले भने, 'सरकारले औद्योगिक राजधानी घोषणा गरेर मात्रै पुग्दैन । औद्योगिक राजधानी घोषणा गरेपछि उद्योगधन्दा फस्टाउने खालको वातावरण भने तयार परिदिनुपर्ने हुन्छ।'

वरिष्ठ उपाध्यक्ष गौतम आफैँले १५ वर्षदेखि वीरगंज महानगरपालिकास्थित गण्डक क्षेत्रमा १५ करोड रुपैयाँ पुँजी भएको



'प्रेष्टिज फुटवेयर इन्डट्रिज' सञ्चालन गर्दै आइरहेका छन् । उनको उद्योगमा प्रत्यक्ष रुपमा एक सयभन्दा धेरैले रोजगारी समेत पाएका छन् । तर उहाँले अझ पनि ढुक्क र सुरक्षित वातावरणमा उद्योगलाई अघि बढाउन नपाइरहेको उनी गुनासो गर्छन् । '१५ वर्ष भइसक्यो उद्योग सञ्चालनमा ल्याएको । अझै पनि ढुक्क भएर उद्योग÷व्यवसाय गर्न पाइरहेका छैनौँ', उनले भने, 'कहिले स्थानीय टोले गुन्डाहरुले दुःख दिन्छन् त कहिले स्थानीय सरकारले विभिन्न शीर्षकको करको नाममा हैरानी पार्ने काम गरिरहेको छ ।' 'पर्सा र बारा क्षेत्रका उद्योगी व्यवसायीले औद्योगिक राजधानी नभएकाले पनि धेरै खालका चुनौतीको सामना गर्नु परेको छ' उनले भने, 'सरकारले पर्सा र बारा जिल्लालाई समेटेर औद्योगिक राजधानी घोषणा गरेको खण्डमा उद्योगधन्दाले अहिले देखिएका चुनौती तथा समस्यासँग जुध्नका लागि खासै समस्या हुँदैन्थ्यो । यहाँका उद्योगी तथा व्यवसायीले आफ्नो उद्योग विस्तार गर्न पनि पाउथे ।'

वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह पर्सालाई औद्योगिक राजधानीका रुपमा घोषणा गर्नुपर्ने बताउँछन् । 'वीरगंजले मुलुकको राजस्वमा झण्डै एक तिहाइभन्दा ठूलो हिस्सा ओगट्दै आइरहेको छ', उनले भने, 'वीरगंजलाई नयाँ औद्योगिक राजधानी घोषणा गरेर नयाँ उद्योग कलकारखाना स्थापना गर्नका लागि जग्गा जमिनको आवश्यक भए पनि सोको व्यवस्थापन गर्न महानगर तयार छ ।' महानगरका अनुसार वीरगंजलाई औद्योगिक राजधानी घोषणा गर्नका लागि थप औद्योगिक क्षेत्रको विस्तार गर्नका लागि महानगरको वडा नं २७, २९ र ३१ मा रहेको जग्गामा पूर्वाधार निर्माण गर्न पनि सकिन्छ।

अघोषितरुपमा वीरगंजलाई मुलुकको औद्योगिक शहर तथा आर्थिक नगरी भने पनि  वीरगंजबासीले त्यसको प्रत्यक्ष अनुभूति गर्न पाएका छैनन् । वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा संविधानसभाका सांसद ओमप्रकाश शर्मा पनि पर्सा र बारा क्षेत्रलाई औद्योगिक राजधानीको रुपमा विकास गर्नुपर्ने बताउँछन् । अहिले पर्सा र बारा क्षेत्रमा अव्यवस्थित र छरिएर व्यक्तिगत जग्गामा सञ्चालित उद्योगलाई औद्योगिक राजधानी घोषणा गरेर निश्चित क्षेत्रमा व्यवस्थापन र सञ्चालन गर्न सक्ने हो भने एकातर्फ नयाँ लगानीको स्रोतसहितको उद्योग स्थापना हुन्छ । उनले गण्डकी प्रदेशलाई पर्यटकीय राजधानीका रुपमा घोषणा गरे जस्तै यस क्षेत्रलाई पनि अब औद्योगिक राजधानी घोषणा गर्न ढिलासुस्ती गर्नु नहुने बताए । वीरगंज क्षेत्रका उद्योगी÷व्यवसायी तथा राजनीतिज्ञले मधेश प्रदेशको राजधानी वीरगंज हुनुपर्ने माग गर्दै आइरहेका थिए । २०७८ माघ ३ गते बसेको मधेश प्रदेशसभा बैठकले प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम राख्ने प्रस्ताव पारित गरेको थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेश अध्यक्ष अशोककुमार टेमानी वीरगंजलाई मधेश प्रदेशको राजधानी नबनाइए पनि औद्योगिक राजधानी बनाउनुपर्ने बताए। उनले भने, 'पर्सा र बारा औद्योगिक नगरका रुपमा परिचित नै छन् । अब यी जिल्लालाई औद्योगिक राजधानी घोषणा गरेर अघि बढेको खण्डमा यस क्षेत्रले विकासको काँचुली फेर्ने थियो' अध्यक्ष टेमानीले, भने, 'आर्थिक राजधानी घोषणा भएसँगै मुलुकको आर्थिक गतिविधि बढेर समग्रमा राज्यकै राजस्व बढ्ने हो ।' सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम काठमाडौँ–तराई–मधेश द्रुतमार्गको निजगढको अन्तिम बिन्दुको ३०–३० किलोमिटर वरपरको क्षेत्रफललाई समेटेर औद्योगिक राजधानी बनाउन सकिने धारणा व्यक्त गर्छन् । 'बाराको सिमरा क्षेत्रमा अझै पनि तीन सय ३८ बिघा क्षेत्रफलको जग्गा टिप्पणी उठेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पुगिसकेको छ' उनले भने, 'सो जग्गा पाएको खण्डमा औद्योगिक राजधानी बनाउनका लागि पर्याप्त ठाउँ पुग्नेछ।' अन्तर्राष्ट्रिय निकासी तथा पैठारीमा विश्वका धेरै देशसँग जोडिएकाले वीरगंज उपयुक्त ठाउँ हुन सक्छ । त्यति मात्र होइन, यहाँको सुविधासम्पन्न एकीकृत जाँचचौकी, भारतसँग रेल्वे जोडिएको सिर्सियास्थित सुक्खा बन्दरगाहलगायतका पूर्वाधारले पनि औद्योगिक राजधानीका लागि आधार तयार गरेको छ।

सङ्घीय राजधानी काठमाडौँदेखि स्थलमार्गको सबैभन्दा छोटो दूरीको अन्तर्राष्ट्रिय नाका भनेको नै वीरगंज हो । काठमाडौँ–तराई–मधेश द्रुतमार्ग बनिसकेपछि बारा–पर्साको औद्योगिक क्षेत्रबाट कम्तीमा एक सय किलोमिटर दूरी औसतमा डेढ घण्टाभित्रै पुग्न सकिन्छ। अर्कोतर्फ प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पनि यसै क्षेत्रमा पर्छ । यो विमानस्थल बनेसँगै विदेशी मुलुकमा नेपाल उत्पादन निर्यात गर्ने ढोका पनि खुल्नेछ। पर्सा र बारा जिल्ला नेपालको मध्यभागमा पर्छ।

पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको एकिन तथ्याङ्क नभए पनि आठ सयदेखि १२ सयको हाराहारीमा रहेको अनुमान गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सा जिल्लामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या भने एक हजार छ सय ४६ रहेको छ। त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या एक सय २६ रहेको छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या एक हजार दुई २५ रहेको छ । त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या भने एक सय ५२ रहेको छ।

### यस्ता पूर्वाधार चाहिन्छ

औद्योगिक राजधानी घोषणा गरिसकेपछि औद्योगिक परिसरसम्म पुग्नेछ । लेनको सुविधासम्पन्न सडक चाहिने गर्छ । अहिले नै बारा र पर्सा जिल्लाको औद्योगिक क्षेत्रमा चार लेनका सडक लगभग तयार भइसकेको छ । '२४सै घण्टा उपलब्ध हुने गुणस्तरीय र भरपर्दो खालको विद्युत् आपूर्तिको सुनिश्चित हुन आवश्यक छ', सङ्घका वरिष्ठ उपाध्यक्ष गौतमले भने। औद्योगिक राजधानीको लागि शुद्धीकरण प्लान्टसहितको सुविधासम्पन्न ढल निकासको व्यवस्था पनि सरकार र निजी क्षेत्रको साझेदारी अघि बढाउन सकिने छ। उनले भने, 'सरकारले औद्योगिक वातावरण सिर्जना गरिदिने हो भने उद्योग स्थापनाका लागि धेरै लगानीकर्ता उत्सुक नै छन्।'

'अन्तर्राष्ट्रियस्तरको भन्सारका चेकपोष्टको व्यवस्थासँगै सो क्षेत्रबाट कम्तीमा पनि पाँच सयदेखि एक हजार मिटरसम्मको दूरीमा बस्ती बसाल्न नपाइने नियमलाई भने कडाइका साथ लागू गर्नुपर्ने हुन्छ', वरिष्ठ उपाध्यक्ष गौतमले भने, 'औद्योगिक क्षेत्र बसेसँगै स्थानीय बस्ती बस्ने चलन ह्वात्तै बढ्छ। बस्ती बसेसँगै उद्योगले प्रदूषण गर्‍यौँ भन्दै फेरि द्वन्द्व सुरु हुन्छ। त्यसैले बस्ती र औद्योगिक क्षेत्रबीच दूरी कायम भने गर्नैपर्छ।'

### कतिपय पूर्वाधार तयार

वीरगंजको सिर्सियास्थित सुख्खा बन्दरगाह ५७ विघा क्षेत्रफलमा अवस्थित छ। यो यस्तो खालको बन्दरगाह हो–जहाँ कार्गो रेलबाट मात्रै मालसमान ल्याउने गरिन्छ। यो सन् २००० विश्व बैंकको ऋण सहयोगमा ८२ करोड रुपैयाँ लागतमा निर्माण गरिएको हो । भारत सरकारको २० करोड रुपैयाँ लागतमा रक्सौलदेखि बन्दरगाहसम्म रेल लिंक निर्माण गरिएको हो । अहिले सुक्खा बन्दरगाहको व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ । नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षको लागि तीन अर्ब ३३ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ। प्रिष्टिनले सुख्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औषतमा वार्षिक ६६ करोड रुपैयाँ समितिलाई उपलब्ध गराउने गर्छ।

सुक्खा बन्दरगाह कार्यालयले गत आर्थिक वर्षमा मात्रै ४२ अर्ब ४० करोड रुपैयाँ रकम राजस्व सङ्कलन गरेको थियो। यो वर्षको १० महिनामा पनि ४० अर्ब तीन करोड रुपैयाँ राजस्व सङ्कलन गरिसकेको छ । अर्कोतर्फ वीरगंजमै सुविधासम्पन्न एकीकृत जाँचचौकी पनि निजी क्षेत्रले सञ्चालन गर्दै आइरहेको छ। यो एकीकृत जाँचचौकी ११५ विघा क्षेलफलमा फैलिएको छ।

सो जाँचचौकी पाँच वर्षका लागि टिआरएस हिमालयन लोजी पार्क प्रालिले सञ्चालन तथा व्यवस्थापन गरेवापत कम्पनीले समितिलाई पाँच वर्षको एक अर्ब ८० करोड ९० लाख एक हजार दुई रुपैयाँ पट्टाबहाल रकम बुझाउनेछ। यो जाँचचौकी पनि ठूलो क्षेत्रफलमा फैलिएको छ । वीरगंज भन्सार कार्यालयले चालु आवको चैत मसान्तसम्मको अवधिमा एक खर्ब १४ अर्ब १६ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ। गत आवमा भने एक खर्ब ५७ अर्ब १५ करोड राजस्व सङ्कलन गर्यो।

### आयात निर्यातमा योगदान

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०७९÷८० मा नेपालमा १६ खर्ब ११ अर्ब ७३ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो। जसमा वीरगंज भन्सार कार्यालय हुँदै आर्थिक वर्ष २०७९÷८० मा पाँच खर्ब ९३ अर्ब ३९ करोड १७ लाख २० हजार रुपैयाँ वस्तु तथा सामान आयात भएको थियो। कुल आयातमध्ये वीरगंज भन्सार कार्यालयको हिस्सा मात्रै ३६ दशमलव ८२ प्रतिशत हिस्सा आयात हुने गर्छ। गत आवमा नेपालबाट एक खर्ब ५७ अर्ब १४ करोड मूल्यपर्ने वस्तु निर्यात भएको थियो । आयात मात्रै होइन, निर्यातमा पनि वीरगञ्ज भन्सार कार्यालयको भूमिका उल्लेखनीय नै देखिन्छ। गत आवमा निर्यातमा वीरगञ्ज भन्सारको २३ दशमलव ३४ अर्थात् ३६ अर्ब ६७ करोड मूल्य बराबरको वस्तु निर्यात भयो ।रासस

# सहकारीपीडितको बचत रकम फिर्ता हुनुपर्छः थापा



**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्य गगनकुमार थापाले सहकारीपीडितको बचत रकम फिर्ता हुनुपर्ने बताएका छन् । आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्न आइतबार बसेको प्रतिनिधिसभा बैठकमा सहकारीका बचतकर्ताले आफ्नो रकम फिर्ता पाउनुपर्ने उल्लेख गरे ।
यही जेठ १५ गते बनेको सहकारीसम्बन्धी संसदीय छानबिन समितिले सङ्कटमा परेका सहकारीका विषयमा अध्ययन गर्नुपर्ने र राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन गर्नुपर्ने सांसद थापाले सुझाव दिए ।
'यहाँ बहुसंख्यक सहकारीले राम्रो काम गरिरहेका छन्, केही सहकारीले ठगी गरिरहेका छन् ।
राम्रो काम गर्नेलाई प्रोत्साहन र ठगी गर्नेलाई समितिले कारबाहीको दायरामा ल्याउन सकोस्' उनले भने, 'सहकारीपीडित बचत रकम फिर्ताको माग गर्दै आन्दोलनरत छन् ।
उनीहरुलाई संसदीय छानबिन समितिले न्याय दिनुपर्छ ।' गोरखा मिडियाबाट सहकारीको रकम हिनामिना भएको विषय उठिरहेको उल्लेख गर्दै सांसद थापाले यस विषयमा छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न माग गरे । रासस

# एमालेको ५९ जिल्लामा अधिवेशन सम्पन्न

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को अहिलेसम्म ५९ जिल्लाको अधिवेशन सकिएको छ । एमालेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार जेठ मसान्तभित्र अधिवेशन सकाउनुपर्ने भएकाले अधिवेशन गर्न बाँकी जिल्लामा यही महिनाभित्र सक्न निर्देशन दिइएको छ । 'जेठभित्र जिल्ला अधिवेशन सकाउने निर्देशन दिएकाले धमाधम भइरहेको छ' उनले भने, 'अधिवेशन गर्न बाँकी जिल्लाहरुको यही महिनाभित्र सकाउँछौँ ।' उनका अनुसार अब १८ जिल्लाको अधिवेशन गर्न बाँकी छ । तीमध्ये सात जिल्लाको अधिवेशनको मिति तोकिएको र अन्य ११ जिल्लाको मिति तोक्न बाँकी छ ।
प्रचार विभाग प्रमुख गौतमका अनुसार प्यूठान, अर्घाखाँची, रुपन्देही, गुल्मी, नुवाकोट, काठमाडौँ र काभ्रे जिल्लाको अधिवेशन मिति तोकिएको छ । आजदेखि प्यूठान जिल्लाको अधिवेशन हुँदै छ । कोशी प्रदेशको इलाम, मोरङ, तेह्रथुम र मधेश प्रदेशको सिराहा, सप्तरी, धनुषाको मिति तोक्न बाँकी छ । गण्डकी प्रदेशको मनाङ, कर्णाली प्रदेशको डोल्पा तथा सुदूरपश्चिम प्रदेशको अछाम, बझाङ र डोटी जिल्लाको पनि अधिवेशनको मिति तोक्न बाँकी छ । रासस

# महाधिवेशन तयारीमा जुट्यो एकीकृत समाजवादी




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले महाधिवेशनको तयारी तीव्र गतिमा अघि बढाएको छ । महाधिवेशन मूल व्यवस्थापन कमिटीका सबै विभाग तथा निकायले निर्धारित समयमै महाधिवेशन सम्पन्न गर्ने कार्यतालिकाअनुसार द्रुत गतिमा काम अघि बढाएका हुन् । केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालका अनुसार व्यवस्थापन कमिटीका सम्बन्धित निकायले सदस्यता अभिलेख, कार्यप्रगतिको विवरण केन्द्रमा बुझाएका छन् । आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा गर्न लागिएको दशौँ राष्ट्रिय महाधिवेशनलाई केन्द्रित गरी सबै कमिटी, विभाग र फाँटलाई आगामी असार ५ गतेभित्र महाधिवेशन प्रतिनिधिको फोटोसहितको विवरण पार्टी केन्द्रीय कार्यालयमा पठाउन निर्देशन दिइएको छ ।
केन्द्रीय सङ्गठन विभागले नेता तथा कार्यकर्ताको सदस्यता प्रदान र नवीकरणको सबै प्रक्रियाका साथै शुल्कसहितको विवरण केन्द्रले प्रमाणित गरेपछि त्यसको नामावली विवरण सम्बन्धित कमिटीमा पठाएको छ । महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक, समाजवादी, विधान र साङ्गठनिक दस्तावेजलाई थप छलफल गर्न सबै जिल्ला तथा कमिटीहरूमा पठाइएको छ । सबै कमिटीले मस्यौदा दस्तावेजमाथि आफ्नो कार्यक्षेत्रमा रहेका पार्टी सङ्गठित सदस्यहरुलाई यही जेठ ३२ गतेसम्म छलफल गराउने तालिका छ । तल्लो तहदेखि नै आएका सुझावलाई समेटेर ती दस्तावेज थप समृद्ध बनाइने र चार वटै दस्तावेजलाई एउटै साझा प्रतिवेदन बनाएर महाधिवेशनमा लैजाने तयारी गरिएको उपप्रमुख अर्यालले जानकारी दिए । रासस

# तराईमा खानेपानीको स्रोत जोगाउन चुरे संरक्षणमा जोड

**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्यहरुले चुरे क्षेत्रको विनाशका कारण खानेपानीको मुहान सुक्दै गएकाले तराईवासीले खानेपानीको चरम अभाव सामना गरिरहेका भन्दै समयमा नै चुरे जोगाउनुपर्नेमा जोड दिएका छन् । आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्न आइतबार बसेको बैठकमा सांसदहरुले तराईको खानेपानीसम्बन्धी समस्या दीर्घकालीनरुपमा समाधान गर्न चुरे बचाउनुपर्नेमा जोड दिएका छन् । सांसद रामप्रकाश चौधरीले चुरे संरक्षण गरेर यस क्षेत्रका जनतालाई खानेपानीको समस्याबाट मुक्त गराउनुपर्नेमा जोड दिए । 'चुरे बचाऊ र पानी देऊ' भनेर २५ दिन पैदल हिँडेर तराईका महिला तथा पुरुष माइतीघर आउनुभएको छ, पानीको माग राखेर धर्नामा बस्नुभएको छ' उनले भने, 'यस विषयमा सरकारको ध्यान आकर्षण भएको छैन ।' धर्नामा बसेका मानिसको अवस्था दयनीय हुँदै गइरहेको भन्दै सरकारले गम्भीर भएर समस्या समाधान गर्नुपर्नेमा उनले जोड दिए ।
सांसद मनिष झाले चुरे दोहनका कारण तराईमा पानीको स्रोत सुक्दै गइरहेको भन्दै समयमा नै सचेत रहनका लागि ध्यानाकर्षण गरे । 'चुरे दोहनका कारण मधेसमा पानीको स्रोत जमिनमुनि गएको छ र पानीको समस्या बढिरहेको छ' उनले भने, 'संसदीय समिति बनाउने वा नबनाउने भन्ने विषयमा संसद् अवरुद्ध हुँदा जनतामा समस्या सम्बोधन हुन पाएनन् ।' सांसद डा वीरेन्द्रप्रसाद महतोले मधेशमा पानीको हाहाकार बढेको र यसमा सरकारको ध्यानाकर्षण नभएको भन्दै आपत्ति जनाए । 'शिक्षामा अर्बौं रकम लगानी गरी युवा विदेश गएका छन् । स्वदेशमा विद्यार्थी नपाएर शिक्षक कटौती भएको छ' उनले भने, 'तराईमा मिटरब्याजीको समस्या अझै समाधान छैन । यस्ता समसामयिक विषयमा सरकारको ध्यान जान जरुरी छ ।'
सांसद दामोदर पौडेल वैरागीले आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटमा ठूला भौतिक पूर्वाधार क्षेत्रका बजेट कटौती भएको भन्दै यसले आयोजना निर्माण पछाडि धकेलिएको बताए । उनले संसद् अवरुद्ध हुँदा आगलागीका भयाबह अवस्था, वन डढेलो, मावन–वन्यजन्तु द्वन्द्वका विषय छायाँमा परेको भन्दै आपत्ति जनाए । 'संसद् अवरुद्ध भएका कारण आगामी आवका लागि तय भएको सरकारको नीति तथा कार्यक्रम माथि देखिएका कमीकमजोरीका विषयमा छलफल हुन पाएन', सांसद पौडेलले भने, 'छलफल नहुँदा यो विषयमा हामी गम्भीर हुन सकेनौँ ।'
सांसद ज्ञानेन्द्र शाहीले क्रिकेट खोलाडीलाई अमेरिकाले भिसा नदिएका विषयमा सरकार गम्भीर नभएको आरोप लगाए । सांसद शेरबहादुर कुँवरले दुर्गम जिल्लाका स्वास्थ्य संस्थामा राज्यको लगानी बढ्नुपर्नेमा जोड दिए । सांसद रेखा यादवले आगामी आवका लागि विनियोजन गरिएको बजेटमा विपन्न वर्ग, बालिबालिका, महिला तथा वृद्धलाई प्राथमिकता दिन नसकेको बताइन् । 'विपन्न परिवारका विद्यार्थीलाई आवासीय विद्यालय बनाउन सकिएको छैन । दलित तथा विपन्न वर्गका लागि आवासीय विद्यालय बनाइयोस' उनले भनिन् ।
सांसद गङ्गाराम चौधरीले आगामी आवका लागि विनियोजन भएको बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिन नसकिएको भन्दै आपत्ति जनाए । 'हाम्रा रैथाने बाली संरक्षण गर्नसकेमा पनि कृषि उत्पादन वृद्धिमा योगदान पुग्नसक्छ' उनले भने, 'सरकारले अन्न तरकारी तथा फलफूलमा अनुदान र कृषिलाई प्राथमिकता दिन आवश्यक छ । यसका लागि कृषि पकेट क्षेत्र घोषणा गर्नुपर्छ ।' उनले किसानका लागि 'किसान कार्ड'को नीति ल्याएर वास्तविक किसानमा अनुदान पु¥याउनुपर्नेमा जोड दिए ।
सांसद प्रेम सुवालले जमिनमुनिको पानी तान्दा काठमाडौँ भासिने खतरा बढिरहेको भन्दै समयमा नै सचेत हुनुपर्नेमा जोड दिए । 'जलवायु परिवर्तनका कारण दुई डिग्री सेल्सियस तापक्रम बढ्ने अवस्था आएको, किसान खडेरीको मारमा परेका छन् । जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा असर पु¥याउने भएकाले हिमाल जोगाउन सबै लाग्नुपर्नेछ' उनले प्रश्न गरे, 'यसबारे सरकारको ध्यान कहिले जाने ?' सांसद चित्रबहादुर केसीले सहकारीको रकम हिनामिना गर्नेलाई राज्यले संरक्षण गर्न नहुने बताए ।
सांसद प्रभु साहले वैदेशिक रोजगारीमा जानेमाथि ठगी भइरहेको भन्दै उनीहरुलाई न्याय दिलाउनुपर्नेमा जोड दिए । सांसद अमृता अग्रहरिले सरकारले नीहित स्वार्थ छाडेर जनताका हितमा काम गर्न सुझाव दिइन् । 'बजेट जनतामुखी हुनु आवश्यक छ । जहाँ बढी जनसंख्या छ त्यहाँ बढी विनियोजन हुनुपर्छ' उनले भनिन् ।
सांसद सूर्यकुमारी श्रेष्ठले महिला बालिबालिका मन्त्रालय र कृषि मन्त्रालयको बजेट सिलिङ कम भएको भन्दै आपत्ति जनाइन् । रासस

## शून्य समय

# संसद् अवरुद्धले नागरिकका गुनासा सम्बोधन हुन पाएनन

**काठमाडौँ ।**
प्रतिनिधिसभाको आइतबारको बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले लामो समयसम्म संसद् अवरुद्ध हुँदा नागरिकका जनजीविकासँग जोडिएका समस्या सम्बोधन हुन नसकेका बताएका छन् । कानुन निर्माणमा ढिलाइ भएकाले संसद्लाई निर्वाध चलाउनुपर्ने उनीहरुको माग छ । संसद् अवरुद्ध हुँदा हावाहुरीबाट भएको क्षति, आगलागीलगायतका घटनाबारे संसद्मा कुरा उठाउन नसकेको र सरकार तथा त्यस मातहतका निकायले त्यसलाई महत्व नदिएको सांसदहरुको धारणा छ ।
सांसद अच्युतप्रसाद मैनालीले यही जेठ १७ गते बारा र रौतहटमा हावाहुरीका कारण एक सय ८० भन्दा बढी घरमा क्षति पुगेको, दुई सय हेक्टरभन्दा बढी क्षेत्रफलमा लगाइएको केराखेती नष्ट भएको र एक सय हेक्टरभन्दा बढी क्षेत्रमा लगाइएको मकैबाली नष्ट भएको विषयमा सरकारको ध्यानाकर्षण गराए । हावाहुरीबाट पाँच करोड रुपैयाँ बराबरको केरा र एक करोड रुपैयाँ बराबरको मकैखेती नष्ट भएकाले पीडित किसानलाई राहत तथा क्षतिपूर्ति दिन उनले माग गरे । विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारीका काम प्रभावकारीरुपमा अगाडि बढाउनुपर्नेमा उनले जोड दिए । सांसद अनिसा नेपालीले पूर्व–पश्चिम राजमार्ग विस्तार तथा स्तरोन्नतिको काम तीव्ररुपमा गर्न सरकारसँग आग्रह गरिन् । उनले नौबिसे–नागढुङ्गा सडकमार्गमा सवारी व्यवस्थापन गर्नुपर्नेमा जोड दिइन् ।
सांसद अब्दुल खानले तराईका जिल्लामा अत्यधिक गर्मी बढेको र यस्तो बेला विद्युत् कटौती हुँदा नागरिकले दुःख खेप्नुपरेको बताए । उनले विद्युत् सहजरुपमा आपूर्तिका लागि सरकार र नेपाल विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराए । सांसद अम्मरबहादुर रायमाझीले देशका विभिन्न स्थानमा आगलागीबाट भएको क्षति आँकलन गरी राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गरे । उनले गत आर्थिक वर्षको बजेटमा राखिएको सुरक्षित आवास कार्यक्रम हालसम्म कार्यान्वयन नभएकाले त्यसको कार्यान्वयन गर्न माग गरे । सांसद अर्जुननरसिंह केसीले करिब ३३ वर्षअघि शुरु भएको गँगटे–समुद्रटार–गुल्झभन्ज्याङ सडकखण्ड निर्माण गर्न चालु आर्थिक वर्षको बजेटमा परेर बहुवर्षीय ठेक्काका रुपमा अघि बढिरहेकामा आगामी आर्थिक वर्षको बजेटमा उक्त आयोजनाका लागि बजेट विनियोजन नभएको गुनासो गरे । खरिद प्रक्रियामा गइसकेको आयोजनामा बजेट रोकिनु दुःखद् भएको उनको भनाइ छ ।
सांसद आस्माकुमारी चौधरीले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमा कृषि क्षेत्रलाई न्यून बजेट राखिएको र चालु आर्थिक वर्षकोभन्दा कम बजेट विनियोजन भएकाले कृषि मन्त्रालयअन्तर्गतका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त बजेटको माग गरिन् । सांसद असीम शाहले आगलागीका घटना, इन्टरनेट सेवा अवरुद्ध, सहकारी क्षेत्रमा देखिएका समस्यालगायतका विषयमा संसदमा पर्याप्त छलफल हुन नसकेको बताए । सदन अवरोधको विकल्प खोजिनुपर्ने उनको भनाइ छ । सांसद ईश्वरबहादुर रिजालले १८ जिल्लाका एक सय ३६ बस्ती स्थानान्तरण गर्नुपर्ने सरकारको अध्ययनबाट देखिएको उल्लेख गर्दै ती बस्ती हालसम्म स्थानान्तरण हुन नसकेको बताए । वर्षायाम शुरु भएसँगै मुलुकका विभिन्न जिल्लामा बाढी पहिरो र डुबानको समस्या देखिने भएकाले सरकारले विपद् व्यवस्थापन, राहत तथा उद्धारका कामलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।
सांसद ईश्वरी घर्तीले मनसुन भित्रिँदै गर्दा यसबाट घट्ने घटनालाई न्यूनीकरण गर्न सरकार र मातहतका निकाय चनाखो हुनुनर्पे धारणा राखिन् । उनले तीनवटै तहका सरकारले विपद् व्यवस्थापन कोषका लागि पर्याप्त रकम विनियोजन गर्नुपर्ने तथा त्यसको सही ढङ्गले प्रयोग गर्ने संयन्त्र विकास गर्नुपर्नेमा जोड दिइन् । सांसद उर्मिला माझीले वर्खायाममा खानेपानीको गुणस्तर र वितरणमा समस्या आउने उल्लेख गर्दै संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । खानेपानीको स्रोत तथा मुहानको संरक्षणमा ध्यान दिन जरुरी रहेको उनको भनाइ छ । सांसद माझीले अतिविपन्न र सिमान्तकृत नागरिक स्वच्छ खानेपानीबाट वञ्चित हुनुपरिरहेको बताइन् । सांसद एकनाथ ढकालले युरोपको आकाशमा नेपाली हवाजहाजलाई प्रतिबन्ध लगाइएको लामो समय भइसक्दा पनि नेपाल सरकारले यस विषयमा चासो नदेखाएको गुनासो गरे । सांसद ऐनबहादुर शाही ठकुरीले पश्चिम नेपालका हिमाली जिल्लामा यार्सागुम्बा टिप्न गएका नागरिकमा विभिन्न स्वास्थ्य समस्या देखिएकाले मृत्यु हुने क्रम बढेको उल्लेख गर्दै संसदमार्फत सरकारको ध्यानाकर्षण गराए । सरकारले तत्काल आवश्यक औषधि र चिकित्सकको टोली त्यसतर्फ पठाउन उनले माग गरे ।
सांसद कान्तिका सेजुवालले पूर्ण अपाङ्गता भएका व्यक्तिको हकअधिकारका लागि एकजना नागरिक शान्तिबाटिकामा ३४ दिनदेखि अनसनरत रहेको विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद किरणकुमार साहले बर्खे बालीका लागि किसानले मल र बीउ पाउन नसकेको बताए । उनले आगलागी र हावाहुरीका कारण तराईका जिल्लामा भएको क्षतिको मूल्याङ्कन गरी पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे । सांसद कुसुमदेवी थापाले देशका धेरैजसो जिल्लाका अधिकांश विद्यालयमा उच्चशिक्षा अध्ययनका लागि विज्ञान विषय पढाइ नहुने गरेको विषय उठाइन् । सामुदायिक विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषयको पढाई हुने व्यवस्था मिलाउन उहाँले संसद्मार्फत सरकारसँग आग्रह गरिन् ।
सांसद गणेश पराजुलीले विभिन्न विषयगत मन्त्रालय र मातहतका निकायबीच समन्वय हुन नसक्दा विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको बताए । सडकमै बिजुलीका खम्बा राखिनु तथा जथाभावी बिजुलीको तार तान्दा विद्युतीय जोखिम बढेको उनले बताए । चक्रपथ बिस्तार र बाहिरी चक्रपथ निर्माणमा ढिलाइ हुनुको कारणबारे उनले संसद्मार्फत सरकारसँग जवाफ माग गरे । सांसद गोमालाभ सापकोटाले राजनीतिक अस्थिरता र सरकारको खिचातानीका कारण जनजीविकाका समस्या सुनुवाइको विषय ओझेलमा परेको बताए । उनले सबै नागरिकमाझ स्वच्छ खानेपानीको सुविधा पु¥याउन माग राखे ।
सांसद चन्दा कार्की भण्डारीले पटकपटक संसद् अवरुद्ध हुनु चिन्ताको विषय रहेको र यसले नागरिकस्तरमा सदनप्रतिको विश्वास गुम्दै गएको बताइन् । यसबाट कानुन निर्माण र नागरिकका समस्या समाधानमा विलम्ब हुने गरेको उनले बताइन् । सांसद चन्द्रकान्त भण्डारीले संसद्मा भुइँमान्छेका कुरा उठ्नुपर्ने बेलामा पटकपटक अवरुद्ध हुनु दुःखद् भएको बताए । सांसद चन्द्रबहादुर विश्वकर्माले दलित विकास समितिका कर्मचारीले तलब नपाएको गुनासो गरे । सांसद छिरिङ डम्डुल लामा भोटेले कर्णाली करिडोरअन्तर्गतका विभिन्न स्थानमा सार्वजनिक यातायातका साधन सञ्चालकले चर्को भाडा असुली गरिरहेको तथा यात्रुलाई दुःख दिने गरेकामा त्यसको निगरानी गरी दोषीलाई कारबाहीको माग गरे ।
सांसद जावेदा खातुन जागाले बर्दियामा जङ्गली जनावरको आक्रमणबाट नागरिकले ज्यान गुमाउनु परिरहेको र सो क्रम नरोकिएको विषयमा सरकारको ध्यानाकर्षण गराए । सांसद जुलीकुमारी महतो महासेठले तराईका जिल्लामा खानेपानीको सङ्कट बढेको र 'सरकार पानी देउ' भन्दै उनीहरु रित्ता गाग्री बोकी राजधानी काठमाडौँ आएको विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद ऋषिकेश पोखरेलले यही जेठ १६ र १७ गते आएको हावाहुरीले मोरङका विभिन्न स्थानमा ठूलो क्षति गरेकाले पीडितलाई राहत तथा क्षतिपूर्ति दिलाउन सरकारसँग माग गरे । रासस

# उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छः महत



**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्य तथा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले उत्पादनशील क्षेत्रमा वित्तीय लगानी बढाउनुपर्नेमा जोड दिएका छन् । आर्थिक बर्ष २०८१÷८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्न आज बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले उत्पादनशील क्षेत्रमा लगानी बढाउन नसक्दा मुलुकको आर्थिक वृद्धिमा असर पुग्ने बताएका हुन् । 'ऋण लिएर उत्पादनशिल खर्च गर्न नसक्दा उत्पादन तथा रोजगारी बढ्दैन र राजस्व पनि बढ्दैन' उनले भने, 'जसले गर्दा राज्यलाई ऋणको भार बढ्दै जाने र ऋण तिर्नका लागि ऋण लिनुपर्ने अवस्था आउने छ ।' आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट कनिका छरेजसरी विनियोजन भएको भन्दै महतले आपत्ति जनाए । बजेट पार्टीमुखीभन्दा जनतामुखी हुनुपर्ने र विनियोजित बजेट प्राथमिकीकरणको आधारमा खर्च गर्नुपर्ने उनको भनाइ छ ।
महतका अनुसार बजेटको आकार बढे पनि व्यवस्थित रुपमा खर्च गर्न नसके मुलुकको आर्थिक विकास हुन सक्दैन । 'वित्तीय स्रोत उत्पादनशील क्षेत्रमा खर्च गर्न नसक्दा प्रतिफल आउन सकिरहेको छैन र यसले रोजगारी सिर्जना भएको छैन' उनले भने, 'आगामी आर्थिक वर्षका लागि विनियोजन भएको बजेट प्राथमिकीकरण गरिएको छैन । आवश्यकताको आधारमा विनियोजन भएन ।' उद्योग वाणिज्य मन्त्रालयको बजेट कम भएको भन्दै लगानीलाई उत्पादनमुखी बनाउनुका सट्टा अनुउत्पादनशील क्षेत्रमा खर्च हुने गरी विनियोजन भएको उहाँको टिप्पणी छ । महतले वित्तीय स्रोत जुटाउने र खर्च गर्ने विषयमा ख्याल गर्नुपर्नेमा जोड दिए । 'आगामी आर्थिक वर्षको बजेटले कङ्क्रिट दिशा पत्ता लगाउन सकेको छैन' उनले भने, 'हामीले राजस्व राम्रो उठाएका छौँ । तर प्रतिफल आएको छैन । लगानी भएको छ, कर उठाएका छौँ तर उत्पादन बढेको छैन । यी समस्याको समाधान खोज्न जरुरी छ ।' उनले राज्यको वैदेशिक ऋण बढिरहेको र निजी क्षेत्रले लिने ऋणको भार थपिए पनि प्रतिफल आउन नसक्दा अर्थतन्त्रमा ह्रास आएको टिप्पणी गरे । पछिल्लो समय सहकारी ठगीका कारण बचतकर्ता समस्यामा परिरहेको भन्दै उनले सरकारीको नियम कानुनभन्दा बाहिर गएर खर्च गर्ने व्याक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउन आवश्यक रहेको बताए । रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

**काठमाडौँ ।**
यो साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कले वृद्धि भएको छ ।
आइतबार नेप्से परिसूचक १३ दशमलव ५१ अङ्क बढेर दुई हजार ८३ दशमलव ०४ को बिन्दुमा कायम भएको हो । आइतबार तीन सय २५ कम्पनीको ९६ लाख ९७ हजार दुई सय ६ कित्ता शेयर ६५ हजार ६ सय ५४ पटक खरिद बिक्री हुँदा चार अर्ब ३१ करोड १० लाख १५ हजार ६ सय २९ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा लगानी समूह शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन दुई दशमलव ४० र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।
सबैभन्दा धेरै व्यापार समूहको ६ दशमलव ५६ र वित्त समूहको उपसूचक दुई दशमलव १७ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ एक दशमलव ११, विकास बैंक शून्य दशमलव २२, होटल तथा पर्यटन शून्य दशमलव ४६ र जलविद्युत् एक दशमलव २६ प्रतिशतले बढेको छ ।
जीवन बीमा समूह शून्य दशमलव ७७, लघुवित्त समूह शून्य दशमलव ५२ र अन्य समूह शून्य दशमलव ९६ प्रतिशतले बढेको छ । मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड र मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य नौ दशमलव १३ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २२ करोड ६४ लाख १३ हजार २८ रुपैयाँ बराबरको तीन लाख ८२ हजार ३५ कित्ता शेयर किनबेच भएको छ । रासस

# मतदानमा खटिएका ३३ कर्मचारीको मृत्यु

**एएफपी**
**लखनऊ ।**
देशभर बढीरहेको गर्मीका बीच भारतमा निर्वाचनको अन्तिम दिन एकै राज्यका कम्तिमा ३३ जना मतदान स्थलमा खटिएका कर्मचारीहरुको हृदयघातका कारण मृत्यु भएको एक शिर्ष निर्वाचन अधिकारीले आइतबार बताएका छन् । भारतको विभिन्न ठाउँमा ४५ डिग्री सेल्सियस भन्दा माथिको तापक्रमका कारण धेरैको मृत्यु भएको खबर आइरहेको छ । एक दिनमा दर्जनौं कर्मचारीहरूको मृत्यको यो खबर दुखको विषय हो । भारतीय मौसम विज्ञान विभाग (आईएमडी) का अनुसार उत्तर प्रदेशको झाँसीमा तापक्रम ४६.९ डिग्री सेल्सियस पुगेको छ । सातौँ तथा अन्तिम चरणको मतदान शनिबार समाप्त भएको उत्तर प्रदेशका प्रमुख निर्वाचन अधिकारी नवदीप रिन्वाले गर्मीका कारण ३३ जना मतदानकर्मीको मृत्यु भएको बताए । तथ्याङ्कमा सुरक्षा गार्ड र सरसफाइ कर्मचारीहरू समावेश रहेका थिए ।
'मृतकको परिवारलाई पन्ध्र लाख भारतीय रुपैँया (अठार हजार अमेरिकी डलर) को आर्थिक क्षतिपूर्ति प्रदान गरिनेछ', रिन्वाले पत्रकारहरूलाई बताए । जब कुनै व्यक्ति डिहाइड्रेटेड हुन्छ । अत्यधिक गर्मीका कारण रगत जम्ने र अङ्गहरुले काम गर्न छोड्ने भई मानिसहरुको मृत्यु हुने विशेषज्ञहरु बताउँछन् ।
'बालिया सहरमा मतदान गर्न लाइनमा पर्खिरहेका एक मतदाता मतदानस्थलमा नै बेहोस भए ।
मतदातालाई स्वास्थ्य केन्द्रमा लगिएको थियो जहाँ आइपुग्दा उहाँलाई मृत घोषित गरियो', रिन्वाले छुट्टै घटनाबारे जानकारी गराउदै भने । बढ्दो तापक्रमसँग भारत अपरिचित छैन । तर जलवायु परिवर्तनले तातो छालहरू लामो, बारम्बार र तीव्र हुँदै गइरहेको वर्षौंको वैज्ञानिक अनुसन्धानले पत्ता लगाएको छ ।

# 'योजना राम्रो भए पनि कार्यान्वयन नहुँदा जटिलता'



**काठमाडौँ ।**
राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले सरकारको आगामी आर्थिक वर्षको बजेटको पक्ष र विपक्षमा आफ्नो धारणा राखेका छन् । अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस' भन्ने प्रस्तावमाथि छलफलमा भाग लिँदै उनीहरुले विशेष गरी कार्यान्वयनको पाटोलाई विशेष ध्यान दिन आग्रह गरे । सांसद झक्कुप्रसाद सुवेदीले कृषि क्षेत्र, भौतिक पूर्वाधार, ऊर्जा, पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको तथ्य पेस गर्दै बजेटले राष्ट्रिय आवश्यकतालाई ख्याल गरेको बताए । रोजगारीलाई विशेष प्राथमिकतामा राखिएको तथा आर्थिक सुधारलाई विशेष ध्यान दिएकाले बजेट वस्तुनिष्ठ रहेको उनको भनाइ छ ।
सांसद भुवनबहादुर सुनारले विगतमा बन्द भएका उद्योग प्रतिष्ठान पुनःसञ्चालन गर्ने, आयात निरुत्साहना गर्ने लक्ष्यका साथ बजेटले विशेष प्राथमिकतामा राखेको, ग्रामीण विकास कार्यक्रमलाई महत्व दिएको बताए । सांसद सुरेश आलेमगरले नेपाललाई सूचना प्रविधिको केन्द्र बनाउने उद्देश्यका साथ सरकारले आगामी आवको बजेट प्रस्तुत गरेको, वैदेशिक रोजगारीबाट फर्केकालाई उद्यमी बनाउने योजना अगाडि सारेकामा प्रसन्नता व्यक्त गरे । देशभर निर्माण गरिएका विमानस्थल सञ्चालनको मोडालिटी के ? भन्ने प्रश्न गर्दै त्यसमा ध्यान दिन उनले आग्रह गरे । छलफलमा भाग लिँदै सांसद उर्मिला अर्यालले सामाजिक न्यायको अभिवृद्धि, गरिबी न्यूनीकरण, स्रोत व्यवस्थापन, आर्थिक वृद्धिको लक्ष्यलाई ख्याल गर्नुपर्ने बताइन् ।
आर्थिक वृद्धिदरको लक्ष्यलाई बजेटले कसरी सम्बोधन गर्ला भन्ने जिज्ञासा राख्दै उनले रोजगारी र गरिबी न्यूनीकरणका लागि के कसरी काम गर्ला भन्नेमा सरकारले प्रष्ट जवाफ दिनुपर्ने उल्लेख गरिन् ।
सांसद दुर्गा गुरुङले सुन्दा बजेट राम्रो भए पनि कार्यान्वयनमा आशङ्का रहेको बताए । उनले पुँजीगत खर्च हुन नसकेको, राजस्व वृद्धि हुन नसकेको अवस्थामा ठूलो आकारको बजेटले उत्साह नभई निराशा मात्रै बढाउने आरोप लगाए । सांसद नारायणदत्त मिश्रले अर्थमन्त्रालयमा राखिएको अबण्डा बजेट कहाँ खर्च गरिन्छ भन्ने प्रश्न गर्दै निजी क्षेत्रलाई आश्वस्त बनाएर अगाडि बढ्नुपर्ने, कृषि र स्वास्थ्य क्षेत्रमा चालु आवको तुलनामा बजेट घटाइएका गुनासो गरे । उनले हरेक वर्षको बजेटमा रुग्ण उद्योग सञ्चालन गर्ने उल्लेख गरिए पनि कार्यान्वयन नभएको गुनासो गरे । सांसद विष्णुकुमारी सापकोटाले विद्युतीय सवारी साधनको प्रवद्र्धन गर्नेगरी बजेटले विशेष ध्यान दिनुपर्ने, खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताइन् । सांसद तुलसाकुमारी दाहालले अर्थतन्त्रमा देखिएको शिथिलतालाई सम्बोधन गर्ने गरी बजेटमा विशेष प्रबन्ध गरिएको र विगतका सकारात्मक कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताइन् । उनले उद्देश्य र योजना राम्रो भए पनि कार्यान्वयन नहुँदा जटिलता आउने गरेको तथ्य स्मरण गराइन् । सांसद राजेन्द्रलक्ष्मी गैरेले महिलालाई आत्मनिर्भर बनाउने कार्यक्रम बजेटमा छ कि छैन भन्ने प्रश्न गर्दै लैङ्गिक उत्तरदायी बजेट जरुरी रहेको बताइन् । 'आर्थिक वर्ष २०८१÷८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्तावमाथि छलफल आगामी बैठकमासमेतजारीरहनेछ ।रासस

# नौ सय सहकारी खारेजी गर्न सुझाव




**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका कार्य क्षेत्र भइ सम्पर्कमा नआएका करिब नौ सय सहकारीको दर्ता खारेजी गर्न विज्ञले सुझाव दिएका छन् ।
'पहिले परिपत्र गर्नु, त्यसको जवाफ प्राप्त भएन भने ठेगाना उल्लेख गरेर सञ्चालक, सदस्य, बचतकर्ताहरुका नाममा सम्पर्क गर्न सार्वजनिक सूचना जारी गर्नु, यति गर्दा पनि कोही सम्पर्कमा आएनन् भने खारेजीको प्रक्रियामा लैजानु' सहकारीविज्ञ काशिराज दाहालले भने, 'यो सहकारी समस्या समाधानका लागि थाल्नुपर्ने प्रक्रिया हो ।'
उक्त प्रक्रिया अवलम्बन गर्न थालेपछि सरोकारवाला सम्पर्कमा आउने र सञ्चालक नआए बचतकर्ता सम्पर्कमा आउने उनले बताए । बचतकर्ताको सम्पर्कबाट सञ्चालक भेटिने ठाउँमा पुग्न सहयोग पुग्ने शनिबार कामपा सहकारी विभागले आयोजना गरेको 'सहकारी उत्थानका लागि अध्ययन, अनुसन्धान' विषयक कार्यक्रममा दाहालले बताए ।
कामपा कार्य क्षेत्र भएका एक हजार नौ सय २३ सहकारी संस्थामध्ये गत आर्थिक वर्षमा नौ सय ६८ सहकारीले विवरण पेस गरेका छन् । नियमानुसार प्रत्येक सहकारीले एक वर्षभित्र गरेको क्रियाकलापको जानकारी गराउनुपर्ने हुन्छ ।
विवरण पेस गर्न विभागको पटक–पटकको सूचनालाई बेवास्ता गरेपछि कामपाले अनुगमन गरी कारबाहीको तयारी गरेको हो । कामपा सामाजिक विकास विभागका निमित्त प्रमुख बिमला कोइरालाले, सहकारीमा देखिएका समस्याले मुख्य असर बचतकर्तालाई परेको बताए । कामपा सहकारी विभागका प्रमुख बलराम त्रिपाठीका अनुसार संवैधानिक व्यवस्थाअनुसार विसं २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन र अनुगमन गर्दै आएको छ ।
सहकारी स्थानीय तहलाई हस्तान्तरण हुनुअघि विसं २०७४ मा कामपाले सहकारी ऐन जारी गरिसकेको थियो ।
सोही ऐनअनुरूप सहकारी सञ्चालन भइरहेका छन् । कामपामा रहेका सहकारीमध्ये एक हजार ६ सय २८ वटा बचत तथा ऋण सहकारी, दुई सय ६४ बहुउद्देश्यीय सहकारी, तीनवटा श्रमिक सहकारी, १५ वटा कृषि सहकारी, १३ वटा उपभोक्ता सहकारी, तीनवटा सीपमूलक सहकारी, दुईवटा शिक्षा सहकारी छन् । सञ्चार, पर्यटन, चिया र साझा क्षेत्रका जम्मा एक–एकवटा सहकारी छन् ।
कामपाले पछिल्लो समय यस क्षेत्रमा देखिएका समस्या समाधानका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गर्ने तयारी गरेको छ । नेपालमा करिब ३२ हजार सहकारी छन् । रासस

# विश्वकप क्रिकेटः अमेरिकाद्वारा क्यानडा पराजित




**काठमाडौँ ।**
आरोन जोन्सको उत्कृष्ट ब्याटिङमा अमेरिकाले आइसिसी टी ट्वान्टी विश्वकप–२०२४ को पहिलो खेलमा क्यानडालाई पराजित गर्दै प्रतियोगितामा सुखद शुरुआत गरेको छ । अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरी क्रिकेट रङ्गशालामा आइतबार बिहान भएको खेलमा अमेरिकाले क्यानडालाई सात विकेटले पराजित गरेको हो । खेलमा क्यानडाले दिएको एक सय ९५ रनको बलियो लक्ष्य पछ्याएको अमेरिकाले १७ दशमलव चार ओभरमा तीन विकेट गुमाउँदै पूरा ग¥यो ।
अमेरिकाको जितमा आरोन जोन्सले सर्वाधिक ९४ रनको योगदान दिए । उनले ४० बलमा ४ चौका र १० छक्काको मद्दतमा 'नटआउट' हुँदै (अविजित) ९४ रन बनाएका हुन् । एन्ड्रिस गौसले ४६ बलमा सात चौका र तीन छक्कासहित ६५ रन जोडे । कप्तान मोनांक पटेलले १६ रन बनाए । बलिङतर्फ क्यानडाका कलिम साना, डिलोन हेलिगर र निखिल दत्तले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै एक सय ९४ रनको योगफल बनाएको थियो । क्यानडाका लागि ओपनर नवनीत धालिवालले सर्वाधिक ६१ रनको योगदान दिए । उनले ४४ बलमा ६ चौका र तीन छक्कासहित ६१ रन बनाएका हुन् । क्यानडाका लागि निकोलस किर्टोनले ३१ बलमा तीन चौका र दुई छक्कासहित ५१ रन बनाए भने श्रेयस मोभ्भाले १६ बलमा दुई चौका र दुई छक्कासहित ३२ रनको योगदान दिए । साथै आरोन जोनसनले १६ बलमा पाँच चौकाको मद्दतमा २३ रन बनाए भने दिलप्रित बजवाले ११ रन बनाए ।
परगत सिंह पाँच रनमा आउट भएका हुन् । अमेरिकाका अली खान, कोरी एन्डरसन र हरम्रित सिंहले समान एक/एक विकेट लिए । उक्त विश्वकप प्रतियोगितामा अमेरिका समूह 'ए' मा रहेको छ । अमेरिकाको समूहमा क्यानडासँगै आयरल्यान्ड, भारत र पाकिस्तान छन् । अमेरिकाले आफनो दोस्रो खेल यही जुन ६ तारिखमा पाकिस्तानसँग खेल्नेछ । रासस

# निर्णायक र नेतृत्वदायी पदमा महिला सहभागिता न्यून



**अमृता अनमोल**
**काठमाडौँ ।**
नेपालको संविधानले राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्न निर्देश गरेको छ । राज्य एकात्मक शासन प्रणालीबाट सङ्घात्मक शासन प्रणालीमा रुपान्तरण भएको छ । यससँगै शक्ति संरचना र निर्णायक तहमा महिला जाने प्रक्रिया बढेको छ । नेपाली महिलाहरुको नीति निर्माण गर्ने, निर्णय गर्ने र राज्य सञ्चालन प्रक्रियामा सहभागिता बढेको छ । स्थानीय तहको वडा सदस्यदेखि सङ्घीय संसदमा सांसद महिलाहरु बढेका छन् । तर, देश हाक्ने सबैभन्दा ठूलो कार्यकारी तह मन्त्रिपरिषद्मै ३३ प्रतिशत महिला छैनन् । प्रदेश सरकार र स्थानीय तहका कार्यकारी र निर्णायक पदमा पनि महिला प्रतिनिधित्व कमजोर छ । राज्यले नियुक्त गर्ने संवैधानिक आयोग, कुटनीतिक नियोग र उच्चपदस्थ नियुक्तिहरुमा महिला सहभागिता न्यून छ । निर्णायक र नेतृत्वदायी तहमा महिला नहुँदा उपस्थिति बढे पनि अपेक्षा अनुरुप नीतिगत रुपमा महिलामैत्री काम हुन सकेका छैनन् । नेपाली समुदायमा पितृ सत्तात्मक व्यवहार र अभ्यास अझै बाँकी छ । परम्परागत संरचना र मूल्य मान्यताले पितृ सत्तात्मक सोचलाई फेर्न सकेको छैन । त्यही पितृ सत्तात्मक सोचले कानुनी बाध्यता बाहेकका महिलालाई कार्यकारी र निर्णायक तहमा जान रोकेको हो । उदाहरणको रुपमा लुम्बिनी प्रदेशमा हेरौं । लुम्बिनी प्रदेशको ठूलो दल एमालेमा १० महिलासहित २९ जना प्रदेशसभा सदस्य छन् । तर, सरकारमा पाँच मन्त्री बनाउँदा एमालेले एउटै पनि महिला मन्त्री बनाउन सकेन । प्रदेशसभाको संसदीय समितिमा तीन मन्त्री सभापति हुँदा समेत एक महिला खोजिएन । यत्तिमात्रै होइन, एमालेले आफ्नै पाटीभित्र संसदीय दलको नेता र प्रमुख सचेतकमा पनि महिला राखेको छैन । एमालेभित्र सक्षम महिला प्रदेश सभा सदस्य नभएका हुन् वा अन्य कारणले दलका नेताहरु तँचुप मैचुपमा छन् । यद्यपि प्रत्यक्षबाट जितेका प्रदेशसभाका सदस्य महिला नभएकाले मन्त्री वा विषयगत समितिको सभापति पद दिन नसकिने भन्दै आफ्ना आवाज नसुन्ने गरेको गुनासो महिला प्रदेशसभा सदस्यहरुको छ । लुम्बिनीमै ११ प्रदेशसभा सदस्य रहेको माओवादी केन्द्रमा चार महिला छन् । माओवादीले मुख्यमन्त्री जोखबहादुर महरा बन्दा आफ्नो पार्टीबाट मन्त्रीमा समेत समेटेको छैन । बरु प्रदेशसभाको संसदीय समितिको सभापतिमा एक महिलालाई थन्काएको छ । लुम्बिनी प्रदेश सरकारमा पाँच दलसहित एक स्वतन्त्र सहभागी छन् । लैंगिक हिसाबले पुरुष मात्रै सहभागी मन्त्रिपरिषद्मा सानो दल नेकपा एकीकृत समाजवादीबाट भगवती अधिकारी मन्त्री बनेकी छन् । त्यो पनि नेकपा एकिृतबाट महिला मात्रै प्रदेशसभा सदस्य भएकाले सामाजिक विकास मन्त्रालय फुटालेर महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनाएर जिम्मा दिइएको छ । दस दल सहभागी लुम्बिनी प्रदेशमा ३३ महिला प्रदेशसभा सदस्य छन् । यसअघि नेपाली कांग्रेसले पनि मन्त्री पद महिलालाई दिएको थिएन । लुम्बिनी प्रदेशमा जस्तै अन्य प्रदेशमा पनि असमावेशी मन्त्रिपरिषद् छ । असमावेशी प्रदेशसभाको विषयगत समिति छन् ।

संसदीय दल र दलका नेता महिलाको नेतृत्वमा छैनन् । देशको मूल कानुन संविधान हो भने मूलनीति राजनीति हो । सङ्घीयताको जगमा बनेको प्रदेश संरचनामै राजनीतिक दलहरुले कार्यकारी तहमा महिला नलैजानु सङ्घीयता र संविधानको समावेशी नीति विपरीतको काम हो । असमावेशीताको पराकाष्टा हो । यसर्थ, राज्य सञ्चालन प्रक्रियाको कार्यकारी तहमा पुरुष मात्रै जाने र महिला नलैजाने राजनीतिक दलहरुको क्रियाकलाप सच्याउन जरुरी छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका देशका शासन पद्धतिका महत्वपूर्ण तीन अङ्ग हुन् । कानुनी प्रावधान राखेकाले अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ । प्रदेशसभामा ३४ प्रतिशत महिला छन् । स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन् । यी महिलाले हासिल गरेका उपलब्धि हुन् । कानुनी रुपमा बाध्यतावश दिनैपर्ने पद हुन् । देशका तीनवटै अङ्गका प्रमुख पुरुष छन् । अर्थात प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख तीन वटैमा पुरुषको नेतृत्व छ । राष्ट्रपति पुरुष छन् । सङ्घीय व्यवस्थापछि बनेका सात प्रदेश सरकार कुनैमा मुख्यमन्त्री महिला छैनन् । न त, प्रदेश प्रमुख नै महिला छन् ।

> *कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका देशका शासन पद्धतिका महत्वपूर्ण तीन अङ्ग हुन् । कानुनी प्रावधान राखेकाले अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ । प्रदेशसभामा ३४ प्रतिशत महिला छन् । स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन् । यी महिलाले हासिल गरेका उपलब्धि हुन् । कानुनी रुपमा बाध्यतावश दिनैपर्ने पद हुन् । देशका तीनवटै अङ्गका प्रमुख पुरुष छन् । अर्थात प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख तीन वटैमा पुरुषको नेतृत्व छ । राष्ट्रपति पुरुष छन् । सङ्घीय व्यवस्थापछि बनेका सात प्रदेश सरकार कुनैमा मुख्यमन्त्री महिला छैनन् । न त, प्रदेश प्रमुख नै महिला छन् ।*

संवैधानिक बाध्यता नहुँदा प्रदेश र सङ्घीय सरकारमा ३३ प्रतिशत महिला छैनन् । ५५३ स्थानीय तहमध्ये २५ वटामा मात्रै महिला प्रमुख वा अध्यक्ष छन् । देशको सबैभन्दा उच्च कार्यकारी पद प्रधानमन्त्री अझै महिला बन्न सकेका छैनन् । प्रदेश सरकार स्थापनाको सात वर्ष बित्दासम्म मुख्यमन्त्री महिला बनेका छैनन् । वाध्यकारी बाहेकका पदमा महिलालाई अगाडि बढाउन नखोज्ने प्रवृत्ति सबैजसो दलमा छ । यही प्रवृत्ति महिला सहभागिता र नेतृत्वको वाधक हो । महिलालाई शासक होइन सेवक ठान्ने प्रवृत्ति हो । पितृसत्ताले गाँजिएका दलका नेताहरुको मनमा रहेको पितृसत्ताको घर नफाल्दासम्म राजनीतिक दल र सरकारको शाशनकपद्धतिमा निर्णायक तहमा महिला जान सक्ने अवस्था देखिँदैन ।

महिला सहभागिता हुँदै महिला नेतृत्व लैंगिक समानता दिगो विकास र न्यायिक विकासका सुचक हुन् । व्यवस्थापिका अन्तरगत अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ । प्रदेशसभामा ३४ प्रतिशत महिला छन् । स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन् । यी महिलाले हासिल गरेका उपलब्धि हुन् ।

सजिलो गरी भन्दा कानुनी रुपमा बाध्यतावश महिलालाई दिनैपर्ने पद हुन् । राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने हो भने सबैभन्दा पहिला कार्यकारी पदमा महिला ल्याउनुपर्छ । त्यो भनेको तीन तहकै सरकारमा ३३ प्रतिशत महिला अनिवार्य राख्ने व्यवस्था हुनुपर्छ । सङ्घीय र प्रदेश सरकार दुवैमा कुल मन्त्रिपरिषद् सदस्य जोड्दा ३३ प्रतिशत महिला हुनैपर्ने कानुनी व्यवस्था हुनुपर्छ । नत्र मन्त्रिपरिषद्मा एक वा दुई मन्त्री राखेर लैंगिक समावेशीको उद्देश्य पूरा हुँदैन । यो मात्र हात्तीको दाँतजस्तै मात्र हुन्छ । नेपालको समावेशी संविधानको जगमा बनेका १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ । ती अख्तियार दुरुपयोग अनुसन्धान, लोकसेवा, निर्वाचन, राष्ट्रिय महिला, प्राकृतिक स्रोत तथा वित्त, महालेखा, मानव अधिकार, आदिवासी जनजाति, मधेशी, थारु, समावेशी, मुस्लिमलगायत १३ वटा आयोग हुन् । राष्ट्रिय महिला आयोगबाहेक अरु १२ वटै आयोगमा अध्यक्ष पुरुष छन् । अधिकार सम्पन्न यस्ता आयोगमा महिलालाई अध्यक्षता नदिने मात्र होइन, ३३ प्रतिशत महिलाको नियुक्ति समेत छैन । राज्यका निर्णायक तह र सार्वजनिक नीति निर्माण तहमा महिला सहभागिता बढाउने दुई विधि छन् । ती हुन्, स्वतन्त्र निर्वाचन र सरकारी सेवा प्रवेश । राजनीतिक रुपमा वा स्वतन्त्र रुपमा जनमत पाएर वा सरकारबाट नियुक्त भएर जाने पद मात्र होइन, आफ्नो शैक्षिक र बौद्धिक बलबुताबाट जाने उच्चस्तरीय पदमा पनि महिला नेतृत्व छैन । सुरक्षा संयन्त्रकै कुरा गरौं, नेपाली सेना, ससस्त्र र नेपाल प्रहरी तिनवटै सुरक्षा निकायमा महिला प्रमुख छैनन् । विसं २००७ बाट महिलालाई भर्ना लिन थालेको नेपाल प्रहरीमा अहिलेसम्म महिला प्रहरी प्रमुख बनाइएको छैन । विसं १९६१ देखि महिलालाई भर्ती लिन थालेको नेपाली सेनामा पनि उस्तै छ । सुरुआतमा प्राविधिक फाँटमा महिलालाई भर्ना लिन थालेको सेनाले बिस्तारै नर्सिङ, चिकित्सक, इन्जिनीयर हुँदै विसं २००४ देखि सैन्य जवानमा महिला भर्ती लिन थालेको थियो । विडम्वना सेनामा अहिलेसम्म प्रमुख महिला बनेका छैनन् । दुबै सुरक्षा संयन्त्रमा अब पनि तत्काल प्रमुख बन्ने लाइनमा महिला छैनन् ।

प्रशासनिक क्षेत्रमा मुख्य सचिव सबैभन्दा ठूलो तह हो । निजामती क्षेत्रबाट देशको प्रशाशन चलाउने मुख्य सचिव पनि पुरुष नै छन् । शिक्षा, योग्यता र अनुभवका आधारमा पुगिने यस्ता पदमा पनि महिला प्रमुख हुन सकेका छैनन् । सातवटै प्रदेशमा रहेका प्रमुख सचिव पनि पुरुष छन् । स्थानीय तहमा पनि अधिकांशमा प्रमुख प्रशासकीय अधिकृत पुरुष राखिएका छन् । प्रशासनिक क्षेत्रमा समान तहमा रहेका महिलालाई पनि प्रमुखको भूमिकामा नपठाइनु महिला नेतृत्व नस्वीकार्नुको अर्को उदाहरण हो । निष्कर्षमा, संवैधानिक सुनिश्चितता भएकाले राज्य सञ्चालन प्रक्रियामा महिलाको सहभागिता बढ्दै गएको छ । यो राम्रो कुरा हो । तर, समावेशी लोकतान्त्रिक अभ्यास सुरु गरेको डेढ दशक बित्न लाग्दासम्म पनि महिला नेतृत्व स्थापित छैन । अर्थात् कार्यकारी, निर्णायक र नेतृत्व प्रदान गर्ने पदमा महिला उपस्थिति कमजोर छ । महिलाको भूमिकालाई आत्मसाथ गरी समाज परिवर्तन गर्न हरेक क्षेत्रमा महिला नेतृत्व आवश्यक छ ।

त्यसका लागि महिलालाई संरक्षण, सम्मान, हौसला र गर्वकासाथ नेतृत्व तहमा पु¥याउन सघाउनुपर्छ । विश्वमा सन् २०३० सम्ममा लङ्गिकरुपमा महिला पुरुषको समान सहभागिताको लक्ष्य निर्धारण गरिएको छ । दिगो विकास लक्ष्य पूरा गर्न पनि महिलालाई निर्णायक र नेतृत्व तहमा पु¥याउन काम गर्नुपर्नेछ । तीनवटै तहमा संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्नेछ । निर्णायक तहमा महिला नेतृत्व बढाउन राजनीतिक दल र सरकारमा महिला सहभागिता बढाउनुपर्छ । प्रदेशसभा सदस्य र सङ्घीय सांसदमा जस्तै मन्त्रिपरिषद्मा पनि अनिवार्य ३३ प्रतिशत महिला हुनुपर्ने कानुनी व्यवस्था गरिनुपर्छ । संवैधानिक आयोगमध्ये एक तिहाइमा प्रमुख महिला हुने व्यवस्था गरिनुपर्छ ।

# ऊर्जा दक्षता क्षेत्रको विकासमा सामूहिक प्रयासको खाँचो



**ललितपुर ।**
ऊर्जालाई किफायती तवरले प्रयोग गरी ऊर्जाको खपत कम गर्न, ऊर्जाको आयात कम गर्न, ऊर्जाको पहुँच वृद्धि गर्न, कार्बन उत्सर्जन कम गर्न तथा ऊर्जा सुरक्षामा वृद्धि गर्न ऊर्जा दक्षतामा जोड दिनुपर्नेमा विज्ञहरुले जोड दिएका छन् । वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रको आयोजनामा यहाँ सम्पन्न सरोकारवादाहरुबीच 'ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरुको समन्वय, योजना र कार्यान्वयन अवधारणा' विषयक दुईदिने कार्यशालामा सहभागीहरुले सबै जनतामा ऊर्जाको समुचित पहुँच तथा ऊर्जा सुरक्षामा योगदानबाट मात्रै देशले ऊर्जा दक्षता क्षेत्रको विकासमा सामूहिक प्रयासबाट मात्रै फड्को मार्ने गर्न सक्ने धारणा राखेका थिए । कार्यशालामा ऊर्जा दक्षतासम्बन्धी कार्यहरु अझ चुस्तदरुस्त रुपमा अगाडि बढाउन सरकारले ल्याएको राष्ट्रिय ऊर्जा दक्षता रणनीति २०७५ कार्यान्वयनमा सरकारी निकाय, प्राज्ञिक, निजी तथा वित्तीय क्षेत्र र मिडियाका प्रतिनिधिहरुले प्रस्तुति दिएका थिए । राष्ट्रिय ऊर्जा दक्षता रणनीतिको प्रमुख लक्ष्य ऊर्जा दक्षतामा वार्षिक सुधारको औसत दरलाई सन् २०३० सम्ममा दुई गुणा पु¥याउने रहेको छ, जुन गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म युएईको दुबईमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप–२८) मा पनि घोषणा भएको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७५ सालमा जारी गरेको श्वेतपत्रमा पनि ऊर्जा दक्षता तथा ऊर्जा सुरक्षालाई महत्वपूर्ण रुपमा उठान गरेको छ । सो श्वेतपत्रले स्पष्ट रुपमा सङ्घ, प्रदेश र स्थानीय तहमा ऊर्जा दक्षता कार्यान्वयन गर्नका लागि मार्गदर्शन समेत गरेको छ । त्यस्तै, औद्योगिक विकासमा टेवा पु¥याउनाका साथै ऊर्जा दक्षताको प्रवद्र्धनका लागि औद्योगिक व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा रहेको छ । अन्तर्राष्ट्रिय विकास सहायता नीति २०७६ ले पनि अन्तर्राष्ट्रिय विकास सहायता परिचालन एकद्वार प्रणालीमार्फत अवलम्वन गर्नु पर्ने व्यवस्था गरेको छ । हालै सार्वजनिक आर्थिक वर्ष २०८१÷८२ को बजेट वक्तव्यमा पनि ऊर्जा दक्ष उपकरणहरु प्रयोग र ऊर्जा दक्ष भवनका निर्माणमा जोड दिइएको छ । समग्र क्षेत्रहरुमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका आयामहरुको कानुनी ब्यवस्था गर्न ल्याउन लागिएको नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र संरक्षण विधेयकमा पनि नवीकरणीय ऊर्जा, ऊर्जा दक्षतासम्बन्धी दीर्घकालीन लक्ष्यहरु प्राप्त गर्न तथा समुचित स्रोत र साधनको विनियोजनको व्यवस्था गरिएको छ । यी विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाअनुसार आगामी दिनमा ऊर्जा दक्षताका क्षेत्रमा गरिने कार्यका बारेमा सहभागीहरुले विभिन्न सुझाव दिएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले समग्र देशको औद्योगिक विकास, व्यापार तथा रोजगारको सिर्जना गरी गरिबी न्यूनीकरण गर्न ऊर्जाको महत्वपूर्ण भूमिका रहेको बताउँदै ऊर्जा दक्षतासम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि नेपाल सरकारले हाम्रो मन्त्रालयअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रलाई जिम्मेवार निकाय तोकिएको जानकारी दिए । केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले नेपालमा सन् १९८० को दशकदेखि नै ऊर्जा दक्षताका काम सुरु भए पनि सन् २०१८ मा रणनीति लागू भएपछि धेरै काम हुन सकेको उल्लेख गर्दै नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र संरक्षण विधेयक संसद्बाट पारित भएपछि यस क्षेत्रमा मुलुकले धेरै फड्को मार्न सक्ने विश्वास व्यक्त गरे । रासस

# आठ वर्षमा पनि बनेन शीत भण्डार

**पर्वत ।**
पर्वतको मोदी गाउँपालिका–२ देउपुरमा निर्माणाधीन कोल्डस्टोर (शीत भण्डार) विगत आठ वर्षदेखि अलपत्र बनेको छ । आर्थिक वर्ष २०७३÷७४ मा पाँच करोड रुपैयाँको लागतमा निर्माण सुरु भएको उक्त कोल्डस्टोरले पूर्णता पाउन नसकेको हो । बेमौसममा सुन्तला र आलुलगायत फलफूल तथा तरकारीलाई बजारमा पठाउने गरी पाँच करोड रुपैयाँ लागत अनुमान गरी कोल्डस्टोर निर्माणको अवधारणा ल्याइएको थियो । दुई तलाको कोल्डस्टोर निर्माण योजना तीनै तहका सरकारबाट पर्याप्त बजेट निकासा नहुँदा अलपत्र बनेको शीत भण्डार निर्माण समितिका अध्यक्ष गङ्गा तिमिल्सिनाले बताइन् । स्थानीय खेमबहादुर हमाल र बुद्धिकुमारी हमालको जग्गामा निर्माण थालिएको कोल्ड स्टोर एकतला बनेपछि अलपत्र बनेको छ ।

हमाल दम्पतीका नाममा रहेको जग्गा रकम निकासा आएपछि भुक्तानी गर्ने सहमतिमा कोल्डस्टोर निर्माण गर्ने सम्झौता भएपछि एक तल्ला बने पनि अहिले अपूर्ण संरचना जीर्ण बन्दै गएको स्थानीय बताउँछन् । घर नजिकै अलपत्र बनेको भवन देख्दा उदास लाग्न लागेको जग्गा दाता ६० वर्षीय खिमबहादुर हमालले बताए । विगत आठ वर्षदेखि अलपत्र अवस्थामा रहेको यही भवन आज टाउको दुखाइको विषय बन्दै गएको उनको भनाइ छ । आफ्नै घर आँगनमा चिस्यान केन्द्र बन्ने कुरा सुनेर उत्साहित हुँदै गाई–गोठ समेत सारेर निर्माण समितिलाई जग्गा दिने सहमति गरेका हमालले अहिलेसम्म जग्गाबापतको रकम पाएका छैनन् । स्थानीय प्रेमबहादुर हमाल, मानबहादुर पौडेल र मनोजकुमार शर्माको रोहवरमा हमाल दम्पतीको सात आना एक दाम जग्गा १३ लाख ५० हजार रुपैयाँमा खरिद



गर्ने गरी तमसुक लेखिएको थियो । विसं २०७४ वैशाख १७ मा लेखिएको तमसुकमा उक्त जग्गा गङ्गा तिमिल्सिनाका नाममा सोही वर्षको जेठ १५ भित्र पास गर्ने उल्लेख छ । तिमिल्सिना निर्माण समिति अध्यक्ष हुन् । दिन गन्दै बसे पनि यस्ता जेठ १५ अहिलेसम्म आठवटा गइसकेका हमाल दाम्पतीको भनाइ छ । 'न जग्गा पास भएको छ, न रकम नै पाएका छौँ', उनले गुनासो गरे । स्थानीय सरोकार भएका निकायले अनुमानअनुसारको बजेट नआउँदा भवन निर्माणलगायत सबै काम अलपत्र परेको बताउँछन् ।

निर्माण समिति अध्यक्ष तिमिल्सिनाले सुरुको वर्ष ५० लाख रुपैयाँ विनियोजन गर्ने सम्झौता भए पनि २४ लाख रुपैयाँभन्दा बढी रकम नआएको बताइन् । रकम निकासा हुने भनिएकाले जग्गा लिने सम्झौता भए पनि रकम नआउँदा समस्या भएको उनको भनाइ छ । दुईतले कोल्डस्टोर निर्माण एक वर्षमा सक्ने लक्ष्य थियो । लक्ष्यअनुसार काम गर्न बजेट अभाव भएपछि एक तलाको ढलान गरेर अलपत्र छोडिएको छ । बनेको संरचना पनि अहिले खण्डहर बनेको छ । रासस

# लुक्लामा पासाङल्हामु स्मृति 'ग्यालरी' स्थापना

**सोलुखुम्बु ।**
राष्ट्रिय विभूति एवम् पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाको स्मृति 'ग्यालरी' स्थापना गरिएको छ । उनको जीवनकालका काम र उपलब्धि स्मरण गराउने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिका–२ लुक्लामा आइतबार स्मृति 'ग्यालरी' स्थापना गरिएको हो । पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले निर्माण गरेको उक्त 'ग्यालरी'को खुम्बु पासाङल्हामु गाउँपालिका–४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले लामाविधिबाट पूजापाठ गरी उद्घाटन गरे । 'ग्यालरी'मा शेर्पाको सन् १९६१ देखि सन् १९९३ सम्मको जीवनकालका गतिविधि र हिमाल आरोहणको इतिहास समेटिएको छ । शेर्पाले गरेको लैङ्गिक समानता र नेतृत्वको भावलाई सरकारले गरेको सम्मान र उपलब्धिहरु ग्यालरीमा समावेश गरिएको प्रतिष्ठानका महासचिव छेटु शेर्पाले जानकारी दिए । उनको जन्मस्थल खुम्बु पासाङल्हामु गाउँपालिकामा भविष्यमा पासाङल्हामु सङ्ग्रहालय स्थापना गर्ने लक्ष्यसहित कार्यको सुरुआतस्वरुप 'ग्यालरी' स्थापना गरिएको प्रतिष्ठानले जनाएको छ । उद्घाटनकै दिन स्वदेशी तथा विदेशी गरी पाँच सय बढी पर्यटकले 'ग्यालरी' अवलोकन गरेका छन् । प्रतिष्ठानले लुक्लासँगै पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा पनि पासाङल्हामु 'ग्यालरी' स्थापना गर्ने तयारी गरेको छ । 'पासाङल्हामुले सन् १९९३ अप्रिल २२ का दिन पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो । उहाँको सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुनुहुन्थ्यो', प्रतिष्ठानका महासचिव शेर्पाले भने, 'ग्यालरीमा राष्ट्रिय विभूति शेर्पाको सम्पूर्ण जानकारीसँगै सगरमाथा आरोही नेपाली महिलाहरु र प्रख्यात महिला आरोहीहरुको जानकारी समावेश गरिएको छ ।'

हालसम्म ६१ जना नेपाली महिलाले सगरमाथा आरोहण गरिसकेका छन् । पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले नेपालमै पहिलोपटक 'इन्डोर वाल क्लाइम्बिङ सेन्टर' स्थापना गरी पर्वतारोहणको प्रवद्र्धन र लुक्लामा पासाङल्हामु निकोल निकी अस्पताल सञ्चालन गर्दै आएको छ । रासस

# एसपीले आफ्नो घर बनाउन प्रहरी खटाए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको ढल्केबरमा रहेको नेपाल प्रहरी विशेष सुरक्षा गणका प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कार्कीले आफ्नो निजी घर बनाउन गणकै प्रहरी र गाडी प्रयोग गरेको भेटिएको छ । मिथिला नगरपालिका–१० लालगढमा एसपी कार्कीले आफ्नो घर बनाउँदै छन् । तर त्यहाँ उनले मजदुरका रूपमा गणकै प्रहरी कर्मचारी र निर्माण सामग्री ढुवानी गर्न गणकै गाडी प्रयोग गरेको पाइएको हो ।

निर्माण सामग्री घामपानीले नबिग्रुन् भनेर घर बनिरहेकै छेउमा टेन्ट बनाएर त्यहाँ राखिएको छ । त्यो टेन्ट पनि गणकै सामग्री प्रयोग गरी बनाइएको खुलेको छ । स्रोतका अनुसार एसपी कार्कीले दैनिक ६ देखि ८ जनालाई बिहान र साँझ गरी ८ घन्टा आफ्नो घर बनाउने काममा लगाउँछन् । गणकै गाडीमा एसपी कार्कीको घर बनेको ठाउँमा प्रहरी लैजाने र ल्याउने गरिएको स्रोतको भनाई छ । ती सबै नेपाल प्रहरी विशेष सुरक्षा गणमा दरबन्दी रहेको गण स्रोतको भनाइ छ । एसपी कार्की आफैँले पनि प्रहरी कर्मचारीले घर निर्माणमा सघाइरहेको स्वीकार गरेका छन् ।

# प्रसूति गृहको नयाँ भवन चाँडै सञ्चालनमा ल्याउन स्वास्थ्यमन्त्रीको निर्देशन



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादवले प्रसूति तथा स्त्री रोग अस्पतालको कुपण्डोलस्थित नयाँ भवन यथाशीघ्र सञ्चालन गर्न निर्देशन दिएका छन् । मन्त्री यादवले आइतबार स्वास्थ्य मन्त्रालयका पदाधिकारीको टोलीसहित प्रसूति गृहको अनुगमन गर्दै नयाँ भवन पूर्णरुपमा सञ्चालन गर्न, शौचालयको राम्रो व्यवस्थापन गर्न, आउटरिच क्लिनिकको सेवा बढाउने लगायत निर्देशन दिँदै मन्त्रालयको तर्फबाट सहयोगको प्रतिबद्धता गरे । उनले बच्चाहरुको शल्यक्रियाका लागि कान्ति बाल अस्पतालसँग शय्याका लागि समन्वय गर्न पहल गर्ने समेत उल्लेख गरे । प्रसूतिगृहको सो भवन गत फागुन २ गते उद्घाटन भइसकेको छ । पाँच तल्ले भवनमा ओपिडी सेवा, सुरक्षित गर्भपतन सेवा पाठेघरको क्यान्सरको जाँच, पिसाव चुहिने समस्या, टेष्टट्युव बेबीलगायतका सेवा प्रवाह हुनेछ ।

सा अवसरमा मन्त्री यादवले पोस्ट न्याटल वार्ड, स्पेसल बेबी केयर युनिट, नवजात शिशु कक्ष, एनआइसियु, ह्युमन मिल्क बैँक कक्षहरु अनुगमन गरेका थिए । भवन निर्माणको पैसा भुक्तानी नहुँदा सञ्चालनमा आउन नसकेको अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले जानकारी गराए । उनले भने, 'नयाँ भवन छिट्टै सञ्चालनमा आउनेछ । अस्पतालमा पार्किङ र जनशक्तिको अभाव छ । एनआइसियुको बेडको स्तरोन्नति गराउनुपर्ने छ ।' मन्त्रीसमक्ष नर्स इन्दिरा ढुङ्गेलले नर्सिङ जनशक्तिको अभाव भएका कारण दुई जना नर्सले ५२ जना आमाको हेरचाह गर्नुपरेको बताउँदै दरबन्दी बढाउन माग गरे । सो अस्पतालको ओपिडिमा दैनिक आठ सयदेखि एक हजारसम्मले सेवा लिने गरेका छन् ।

# सरकारी कागजात किर्ते आरोपमा व्यवसायी पक्राउ



मधेशदृष्टि
वीरगंज ।
सरकारी कागजात किर्ते गरेको आरोपमा बाराबाट एकजना व्यवसायी पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका वडा नम्बर २३ भतौडा बस्ने व्यवसायी अनिल पटेल रहेका छन् ।
आन्तरिक राजश्व कार्यालय सिमराको लेटरप्याड, छाप र हस्ताक्षर किर्ते गरेको आरोपमा प्रहरीले पटेललाई पक्राउ गरेको हो । पक्राउ परेका पटेल हाडवेयर पसल, पेट्रोल पम्प लगायत खोला ठेक्का लिएर गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ बिक्रि बितरण गर्दै आएका थिए । राजश्व कार्यालयले बैँक खाताहरु राजश्व हिनामिना गरेको आरोपमा रोक्का गरेको अवस्थामा उनले राजश्व कार्यालयको लेटरप्याड, छाप र हस्ताक्षर किर्ते गरेर बैँकलाई फुकुवा गर्न पत्र लेखेका थिए । आन्तरिक राजश्व कार्यालयले उक्त विषयमा जानकारी प्राप्त गरिसकेपछि ईलाका प्रहरी कार्यालय सिमरालाई कारवाहीको लागि पत्र लेखेको थियो । प्रहरीले पटेललाई हिरासतमा राखि सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ । प्रहरी हिरासतमा रहेका पटेललाई छुटाउनको लागि चलखेल भईरहेको एक स्रोतले जनाएको छ । यस विषयमा जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक महेन्द्र खड्काले पटेललाई लेटरप्याड, छाप र हस्ताक्षर किर्ते गरेको कर कार्यालय सिमराको पत्रबाट पक्राउ गरेको जानकारी दिए । यो विषयमा थप अनुसन्धान भईरहेको बारा प्रहरीले जनाएको छ ।

# वीरगंज औद्योगिक क्षेत्रको विद्युत् आपूर्ति सुधार गरिँदै

**काठमाडौँ ।**
औद्योगिक नगरी वीरगंज र आसपासका क्षेत्रमा सहज विद्युत् आपूर्ति गर्न नेपाल विद्युत् प्राधिकरणले द्रुत गतिमा उच्च क्षमताका विद्युत् प्रसारण लाइन तथा सबस्टेसनको निर्माण सुरु गरेको छ । औद्योगिक करिडोरमा सञ्चालित र आगामी दिनमा खुल्ने उद्योगलाई उच्च क्षमताको विद्युतीय संरचना आवश्यक परेको हो । वीरगंजसहित बारा–पर्सा औद्योगिक करिडोरमा रहेका उद्योगलाई विद्युत् आपूर्ति गर्न चालु प्रसारण लाइन तथा सबस्टेसनको स्तरोन्नति भइरहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार उच्च क्षमताका केही प्रसारण लाइन तथा सबस्टेसन निर्माणाधीन छन् भने केही प्रस्तावित छन् । बारा–पर्सा औद्योगिक करिडोरमा पर्ने सिमरा, निजगढ, वीरगञ्ज, परवानीपुर, पोखरिया, प्रसौनीलगायतका क्षेत्रमा प्राधिकरणले उच्च क्षमताका विद्युत् प्रसारण तथा वितरणका पूर्वाधार क्रमिक रुपमा बनाउन लागेको हो । प्राधिकरणले बाराको पथलैया (पिलुवा) सबस्टेसनदेखि परवानीपुरसम्मको करिब १८ किलोमिटर एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको तार (कन्डक्टर) बदलेर नयाँ राख्ने काम अन्तिम चरणमा पु¥याएको छ । डबल सर्किटमध्ये एउटा सर्किटबाट विद्युत् आपूर्ति बन्द गरी पुरानो 'कन्डक्टर' निकाली उच्च क्षमता (एचटिएलएस) राख्ने काम भइरहेको छ । एउटा सर्किटको काम सकिएपछि सञ्चालन गरी दोस्रो सर्किटको काम सुरु हुनेछ । प्रसारण लाइनको स्तरोन्नति आगामी असारको पहिलो हप्ताभित्र सक्ने गरी काम भइरहेको छ । पथलैया (पिलुवा)–परवानीपुर प्रसारण लाइनबाट करिब दुई सय मेगावाट प्रवाह गर्न सकिनेमा 'कन्डक्टर' बदलेपछि क्षमता दोब्बर हुने जनाइएको छ । हेटौँडा–पथलैया (पिलुवा) एक सय ३२ केभी प्रसारण लाइनको पनि 'कन्डक्टर' बदलेर क्षमता दोब्बर बनाइसकिएको छ । यसले परवानीपुरतर्फ थप विद्युत् प्रवाहका लागि सहज हुनेछ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार स्थलगत अनुगमन गरी 'कन्डक्टर' बदल्ने कार्य छिटो सम्पन्न गर्न निर्माण व्यवसायी र आयोजना व्यवस्थापनलाई आग्रह गरेका छन् ।



कार्यकारी निर्देशक घिसिङले भने, 'प्रसारण लाइनको क्षमता स्तरोन्नतिको कामका लागि एउटा सर्किट बन्द गर्नुपर्दा वीरगंज क्षेत्रमा विद्युत् आपूर्तिको समस्या भएको गुनासो आइरहेको छ, अर्कोतर्फ पथलैयाबाट थप विद्युत पठाउन नसक्दा भारतको रक्सौलबाट विद्युत् आयात गरिरहनु परेको छ, त्यसैले यस्तो संवेदशील अवस्थामा गम्भीर भएर तोकिएकै समय अघि काम सक्नुपर्छ ।' घिसिङले अब पथलैया–परवानीपुर प्रसारण लाइनको क्षमता हालकोभन्दा दोब्बर हुने भएकाले त्यस क्षेत्रमा खपत गरी बाँकी विद्युत् रक्सौलतर्फ निर्यात गर्न सकिने जानकारी दिए । वीरगंज क्षेत्रका उद्योगहरुले एक सय ३२ केभी प्रसारण लाइनबाटै विद्युत् आपूर्ति लिन सक्ने गरी उच्च क्षमताका प्रसारण लाइन तथा सबस्टेसनहरु निर्माणाधीन रहेको उनले उल्लेख गरे । त्यस क्षेत्रका उद्योगलाई लक्षित गरी बाराको प्रसौनी र वीरगंजमा एक सय ३२ केभीका दुईवटा सबस्टेसन निर्माणाधीन छन् । विद्युत्को बढ्दो औद्योगिक माग पूर्ति गर्न परवानीपुरबाट पोखरियासम्म एक सय ३२ केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ । पोखरियामा सबस्टेसन निर्माणाधीन छ । परवानीपुरदेखि पोखरियासम्म करिब २१ किलोमिटर प्रसारण लाइनको डिजाइन तयार भइसकेको छ । हेटाँडा–ढल्केबर–इनरुवा चार सय केभी प्रसारण लाइन अन्तर्गत बाराको निजगढमा चार सय केभी सबस्टेसन निर्माण गरी उक्त लाइनलाई रमौली हुँदै पोखरिया पु¥याउने गरी अर्को आयोजना सुरु गरिएको छ । प्रस्तावित उक्त चार सय केभी प्रसारण लाइन आयोजनाको लम्बाइ ६५ किलोमिटर हुने छ । निजगढ, रमौली र पोखरियामा चार सय केभीका तीनवटा सबस्टेसन निर्माण गरिने छन् । निजगढ–रमौली –पोखरिया प्रसारण लाइनको सर्वे सम्पन्न भइसकेको छ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको प्रक्रियामा छ । निजगढ सबस्टेसन भारतको निर्यात आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिने छ । निजगढ–रमौली ३८ किलोमिटर प्रसारण लाइन र रमौलीमा सबस्टेसन एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिनेछ । रमौली–पोखरिया २७ किलोमिटर प्रसारण लाइन र पोखरिया सबस्टेसनको लगानी स्रोत जुटिसकेको छैन । रासस

## छुट्टाछुट्टै दुर्घटनामा

# २ जनाको मृत्यु, ३० बढी घाइते

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको कञ्चनपुर राजविराज हुलाकी सडक खण्डको महुली र सुन्दरी पुलको बीचमा पर्ने सुब्बा टोल नजिक सडकमा ट्र्याक्टर दुर्घटना हुँदा २ जनाको घटनास्थलमै मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् । हुलाकी सडक भएर राजविराज तर्फबाट आँप लिए कञ्चनपुर गइरहेको अवस्थामा स १ त ६२९५ नम्बरको ट्र्याक्टर दुर्घटना हुदाँ घटनास्थलमै २ जनाको मृत्यु भएको सप्तरी प्रहरी प्रवक्ता डुण्डिराज न्यौपानेले जानकारी दिए । मृत्यु हुनेमा सिरहा लाहान १९ बस्ने ३२ को मोहम्मद इर्साद र सप्तरीको कञ्चनरुप नगरपालिका–७ का २१ सुशिल राम रहेको न्यौपानेको भनाइ छ । घाइते मध्ये १४ जनाको विराटनगरको गोल्डेन सिटी अस्पताल र अन्यको कञ्चनरूपस्थित धर्मेश्वर हस्पिटलमा उपचार भइरहेको छ ।

घाइते मध्ये केहीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । यसैबीच चितवनमा पर्यटक बोकेको जीप दुर्घटना हुँदा ६ भारतीय नागरिक घाइते भएका छन् । कुमरोज सामुदायिक वन हुँदै चितवन राष्ट्रिय निकुञ्जतर्फ जाँदै गरेको ना ४ च ८८५५ नम्बरको जीप आइतबार खैरहनी नगरपालिका–१२ दराई ताल नजिक दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार उक्त जीप अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा घाइते भएका सबै भारतको महाराष्ट्र प्रान्तको मुम्बईको बेण्डाली थानाका रहेका प्रहरीले जनाएको छ । घाइते हुनेमा ५२ वर्षीया सुस्मिता सुदेश खाडिया, ७४ वर्षीया रेखारामचन्द्र यादव, ६० वर्षीय सुदेशशङ्कर खाडिया, ६४ वर्षीय विजय मोरे, ५८ वर्षीया वैशाली गुप्तेश्वर तथा ६२ वर्षीय पङ्कज गुप्तेश्वर रहेका छन् । घाइते पर्यटकको रत्ननगर र भरतपुरका अस्पतालमा उपचार भइरहेको छ । चितवनको रत्ननगर नगरपालिका–४ घर भएका चालक ४५ वर्षीय सन्तकुमार चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# श्री दुर्वासा गढको संरक्षणमा जोड




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कमला बचाउ अभियानले महऋषि दुर्वासाको तप स्थलको संरक्षण र सम्वद्धन गर्न शोध तथा जनसम्वाद कार्यक्रम सम्पन्न गरेको छ ।

धनुषाको विदेह नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा दुर्वासा गढको संरक्षण र सम्वद्धन गर्न वक्ताहरुले जोड दिएका थिए ।

सत्य सनातनी हिन्दू संस्कृतिका पुरोधा रोष क्रोध स्वरुपा महर्षि दुर्वासाबारे चर्चा गर्दै वक्ताहरुले कोप स्वरुप दिएको श्राप सम्पुर्ण जगत्को कल्याण गर्ने उद्देश्यले हेतु दुर्वसाको तपोस्थली, दुर्वासा गढ़ ( दुहवी )को जोड दिएका थिए ।

शोध तथा जन सम्वाद समारोहमा प्रमुख अतिथि श्रीराम सांस्कृतिक शोध संस्थान न्यासका सह अध्यक्ष प्रबन्ध न्यासी, रामायण परिषद ( भारत सरकार, पर्यटन मंत्रालय, नई दिल्ली ) डा राम अवतार शर्मा तथा विदेह नगरपालिकाका मेयर बेचन दासलगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन